रूस भन्दा युक्रेनसाग काम गर्न 'धेरै कठिन' : ट्रम्प | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २८३ • २०८१ साल फाल्गुन २५ गते आइतवार (9 March, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


## राजावादीको प्रदर्शन, माओवादीको अभियान स्थगन

**टुडे समाचारदाता**

जनकपुरधाम। पर्सा जिल्लाको वीरगञ्जमा राजावादीहरुले शनिबार प्रदर्शन गरिरहेको बेला रौतहटमा 'जनतासँग माओवादी, तराई-मधेश जागरण अभियान' कार्यक्रममा रहेका नेकपा माओवादी केन्द्रका नेताहरुले अभियान स्थगित गरी काठमाण्डु फर्केका छन् ।

देशमा राजावादी शक्तिहरु सक्रिय हुन थालेका छन् । पूर्वराजा ज्ञानेन्द्र शाहले आफ्नो सक्रियतालाई बढाएको बेला गणतन्त्र पक्षधर दलका नेताहरु आक्रामक बनेका छन् । उनीहरुले पूर्वराजालाई दल गठन गरी चुनावमा भाग लिन चुनौती दिइरहेका छन् ।



माओवादीले तराई-मधेश जागरण अभियानलाई बीचमै रोकेर राष्ट्रिय राजनीतिको विकसित घटनाक्रमलाई हेरेर आवश्यक निर्णय लिनुपर्ने भएकाले केही दिनका लागि अभियान स्थगित गरिएको बताएको छ ।

माओवादीका महासचिव देव गुरुङले देशमा विकसित राजनीतिक घटनाक्रमको विषयमा गम्भीर छलफल गर्नुपर्ने भएकाले अभियान केही दिनका लागि स्थगन गरिएको बताएका छन् ।

उनले भने, 'रौतहटमा अभियान सम्पन्न भएको छ। आइतवारदेखि बारा लगायतको जिल्लामा हुने अभियान केही दिनका लागि स्थगित भएको छ,' महासचिव गुरुङले सञ्चारकर्मीसँग भने, 'राष्ट्रिय राजनीतिलाई हेरेर केही सरसल्लाह गर्नुपर्ने तथा कार्यक्रमलाई केही परिमार्जन गर्नुपर्ने कारणले तत्काललाई अभियान स्थगित गरिएको हो ।'

झापाबाट प्रारम्भ भएको अभियान शुक्रबार साँझ रौतहट पुगेको थियो । हुलाकी सडकलाई केन्द्रित गरी अभियान सञ्चालन गरिएको छ । रौतहट जिल्लामा भएको अभियानमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायत शीर्ष नेतृत्व टोली सहभागी भएका थिए ।

अध्यक्ष प्रचण्ड लगायतका नेताहरु काठमाण्डु फर्केका छन् । आइतबार काठमाण्डुमा पार्टी पदाधिकारीको बैठक बोलाइएको छ । अभियानमा अधिकांश पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

'पछिल्लो समय राजवादीहरूका गतिविधि पनि बढेका छन् । होली पनि नजिक आएको छ । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन पनि आइसकेको छ । यी सबै विषयमा छलफल गर्न आइतबार पदाधिकारी बैठक बोलाइएको छ । त्यसैले केही दिनलाई अभियान स्थगित भएको अध्यक्ष प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले जनाएका छन् ।

माओवादी केन्द्रीय समितिको छैटौं पूर्ण बैठकको निर्णय अनुसार गत १२ फागुनबाट माओवादीले तराई-मधेश केन्द्रित अभियान चलाइरहेको छ ।

वीरगञ्जमा राजावादीहरुले मोटरसाइकल र्‍याली गरी सभा समेत गरे । राजावादीहरुमा उत्साह बढी र राजा फर्कने आत्मविश्वास देखिन्थ्यो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले राजाको पक्षमा देशव्यापी नै कार्यकर्ता परिचालन गरेको छ। हिन्दूवादीहरु पूर्वराजाको पक्षमा देखिएका छन् ।

गणतन्त्रको पक्षधर रहेको दाबी गर्ने माओवादी केन्द्रले एमाले नेतृत्वको सरकारको कारण देशमा संघीयता विरोधी तत्वहरु सल्बलाएको आरोप लगाएका छन् ।

### जनमतमा पाँच करोडको गोलमाल

## चार बुँदे आरोपसहित कोषाध्यक्ष यादव निलम्बन

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ जनमत पार्टी केन्द्रीय समितिको बैठकको पूर्वसन्ध्यामा अध्यक्ष सीके राउतले चार बुँदे आरोप लगाउँदै आफ्नै पार्टीका कोषाध्यक्ष सुरेन्द्र नारायण यादवलाई पदबाट निलम्बन गरेका छन् ।





उनलाई पार्टीको केन्द्रीय अनुशासन समितिले स्पष्टीकरण माग्दै निलम्बन गरेको छ ।

समितिका सदस्य सचिव अनिता कुमारी मण्डलद्वारा जारी गरिएको विज्ञप्तिमा जनमत पार्टीको विधान २०७५ को धारा ३९ (क) को उपधारा १, २, ३, ४, ५, ६, ८, १०, १३, १४ उल्लंघन गरेको भन्दै सात दिने अल्टिमेटमसहितको स्पष्टीकरण मागेको र यसका साथै कारबाही प्रक्रियाभर कोषाध्यक्षको पदबाट समेत निलम्बन रहने उल्लेख छ ।

यता जनमत पार्टीका राष्ट्रिय कोषाध्यक्ष यादवले पार्टी अध्यक्ष राउतले व्यक्तिगत रिसिइबीका कारण आफूलाई निलम्बन गरेको बताएका छन् ।

निलम्बनबारे कोषाध्यक्ष यादवसँग प्रतिक्रिया लिँदा उनले भने, 'यो केही होइन, डाक्टर साहब (सिके राउत)ले व्यक्तिगत रिसिइबी मसँग साध्नु भयो ।' स्वतन्त्र मधेस गठबन्धनदेखि आफूले पार्टीमा गरेको लगानी (नगद)को हिसाब किताब माग्दा यस्तो कारबाही भोग्नु परेको उनले दाबी गरे । स्पष्टीकरण प्राप्त भएको र त्यसलाई अध्ययन गरी समयमै उचित जवाफ दिने उनले बताए ।

विगत १६ वर्षदेखि संगठनमा लागेको र पार्टीलाई यहाँसम्म ल्याइ पुर्‍याएको दाबी गर्दै उनले अध्यक्ष राउतले लगाएका सम्पूर्ण आरोप भ्रमपूर्ण र तथ्यहीन रहेको दाबी गरे । कोषाध्यक्ष यादवले भने, 'यदि त्यस्तो थिएन भने आइतबारदेखि बस्ने बैठकसम्म किन कुर्नुभएन । मलाई बैठकमै स्पष्टीकरण लिँदा हुन्थ्यो, म त्यहीँ सबै कुराको जवाफ दिन्थे, तर बैठकबाट वञ्चित गर्नका लागि कारबाही गर्नुभएको हो,' उनले अघि थप्दैं भने, 'तैपनि मैले यसको जवाफ चाँडै दिन्छु ।' पार्टीमा तपाईको व्यक्तिगत लगानी कति हो त भनी जिज्ञासामा उनले अहिलेसम्म पाँच करोडभन्दा बढी रकम आफूले दिएको र सोको हिसाबकिताब माग्दा कारबाही भोग्नु परेको दुखेसो पोखे ।

कोषाध्यक्ष यादवले भने, 'आइतबारदेखि शुरु हुने केन्द्रीय समितिको बैठकमा मैले यी सबै कुरा उठाउने भनेपछि त्यसको एक दिन अगावै मलाई कारबाही गरिएको हो ।'

उनले आरोप लगाए जस्तै अध्यक्ष राउतले पनि उनीमाथि हिसाबकिताब नदिएको आरोप लगाए । हिसाबकिताब दिनुको साटो उल्टै अध्यक्ष राउतले पनि कोषाध्यक्षकै भाषा दोहोर्‍याइ ढाकछोप गर्ने गरी उनी माथि नै खनिएका छन् ।

केन्द्रीय समितिको बैठक आइतबारदेखि बर्दिबासमा बस्ने छ। बैठक दुई दिनसम्म चल्ने जनाइएको छ ।







# पत्रकार र महावाणिज्यदूतावासबीच मैत्रीपूर्ण क्रिकेट



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा पत्रकार र भारतीय महावाणिज्य दुतावासबीच मैत्रीपूर्ण क्रिकेट म्याच सम्पन्न भएको छ।

वीरगञ्जमा शनिबार ज्ञानदा एकेडेमीको क्रिकेट ग्राउन्डमा सम्पन्न भएको नेपाल पत्रकार महासंघ पर्सा र भारतीय महावाणिज्यदूतावास बीचको मैत्रीपूर्ण क्रिकेट खेलमा भारतीय महावाणिज्य दूतावास ६ विकेटले विजयी भएको छ।

१५ ओभरको खेलमा टस जितेर पहिला व्याटिङ नेपाल पत्रकार महासंघ पर्साको टिमले गरेको थियो। पहिलो व्याटिङको महासंघको टिम ८ ओभरमा २४ रन बनाएर अलआउट भएको थियो । २५ रनको लक्ष्य लिएर प्रतिउतरमा ओर्लेको भारतीय महावाणिज्य दुतावासको टिम ४बिकेटको क्षतिमा मैच जितेको थियो ।

मैत्रीपूर्ण भएको यो खेलको म्यान अफ द म्याच नेपाल पत्रकार महासंघका खेलाडी सद्दाम हुसैन भएका थिए ।

खेलको अन्तिममा खेलाडिहरुलाई प्रमाण पत्र तथा शिल्ड वितरण गर्दै भारतीय महावाणिज्य दुत देबी सहाय मिनाले खेलको माध्यमबाट पत्रकार र भारतीय महावाणिज्य दूतावासबीचको सम्बन्ध अझै सुमधुर हुने बताए। त्यस्तै नेपाल पत्रकार महासंघका अध्यक्ष ओमप्रकाश खनालले खेल जित्नु र हार्नुभन्दा पनि मैत्रीपूर्ण सम्बन्धलाई निरन्तरता दिन यस्ता मैचहरुलाई आउने समयमा महासंघले निरन्तरता दिराख्ने बताए।

# सडक सुधार गर्न इरिक्सा मजदुर संगठनको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा रहेको सडकको अवस्था सुधार गर्न नेपाल इरिक्सा मजदुर संगठन केन्द्रिय कार्यालय जनकपुरधामले जिल्ला प्रशासन कार्यालय माफर्त सम्वन्धित निकायलाई ध्यानाकर्षण गराएको छ।

मजदुर संगठनले जिल्ला प्रशासन कार्यालय धनुषामा ध्यानाकर्षणपत्र बुझाउदै सम्वन्धित कार्यालयहरुलाई सडकको अवस्था सुधार गर्न माग गरेको छ।

संगठनले मुख्यमन्त्री कार्यालय अगाडी रहेको खाल्डोलाई भर्नका लागि माटोको व्यवस्थापन गरेर भर्न खोजिएपनि आवश्यक मात्रा नभएकोले सुधारका लागि माग गरेको छ । संगठनले जिल्ला प्रशासन कार्यालय धनुषामा बुझाएको ध्यानाकर्षण पत्रमा जनकपुरधामको विभिन्न स्थानको सडकमा खाल्डो भएको र अन्तरगृह परिक्रमा नजिक भएको अवस्थामा समेत यसप्रति सम्वन्धित निकायलाई ध्यानाकर्षण गराइएको छ। यता जिल्ला प्रशासन कार्यालय धनुषाले सडक डिभिजन कार्यालयलाई संगठनले माग गरेको कुरामाथि ध्यानाकर्षणमा लिनका लागि पत्र काटेको छ । शहरी विकास परियोजनाले जनकपुरधामको सडक बनाएको लामो समय भइसक्दा पनि सम्वन्धित निकायले सडकहरुमा ध्याननदिदा खाल्डा खुल्डी बढदै गएको छ।



संगठनले विभिन्न सडक संग सम्वन्धित विभिन्न कार्यालयहरुलाई बोधार्थ समेत पठाएको छ।

# मिनि म्याराथनका विजेता नागेश्वर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा मदर टेरेसा पब्लिक स्कुल द्वारा आयोजित ‘रन फोर जनकपुर चैम्पियनशीप’ मिनि म्याराथन प्रतियोगिता सम्पन्न भएको छ।

जनकपुरधामको भानु चोकबाट शनिबार शुरु भएको ६.२ किलोमिटर म्याराथन प्रतियोगितामा लुम्बिनीका राष्ट्रिय धावक नागेश्वर यादवले १८ मिनेट १८ सेकेन्डमा ६.२ किलोमिटर दुरी पार गर्दै रन फर जनकपुरधाम चेम्पिशीपवका विजेता हुन सफल भए।

सो अवसरमा विजेता र उपविजेतालाई मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसबाल र प्रदेश सांसद रामअशिष यादवले पुरस्कार वितरण गरेका छन्।

मदर टेरेसा पब्लिक स्कुल का संस्थापक युवा उद्योगी अभिषेक चौधरीको अध्यक्षतामा सम्पन्न प्रतियोगितामा तीन सय जना भन्दा बढि खेलाडीहरुको सहभागिता रहेका छन्।

# महिलामाथि हुने सबै खालका विभेदको अन्त्य गर्न जरूरी छ : अध्यक्ष दाहाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले महिलामाथि हुने सबै खालका विभेदको अन्त्य गर्नुपर्नेमा जोड दिनुभएको छ।

एक सय १५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शनिबार शुभकामना व्यक्त गर्दै महिलाको सम्बन्धमा संवैधानिक अधिकारकोप्रभावकारीकार्यान्वियन र जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व कायम गर्दै आर्थिकरूपमा समेत अधिकारप्राप्तिका लागि अघि बढ्न आह्वान गर्नुभएको छ।



अध्यक्ष दाहालले भन्नुभएको छ, “हाम्रो पार्टी सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्दै समाजवादी क्रान्तिको आधार तयार गर्ने बाटोमा अघि बढिरहेको छ, हामी यतिबेला जनतासँग माओवादी, तराई मधेस जागरण अभियानमा छौँ, यो अभियानले महिलालगायत आम उत्पीडित वर्ग र समुदायका संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्न थप जागरूक, सङ्गठित र आन्दोलित गर्ने हाम्रो विश्वास छ।”

राजनीतिक अधिकारप्राप्त भए पनि आर्थिकरूपमा समानता कायम नभएसम्म र उत्पादनका सबैखाले साधनमाथि महिलाको स्वामित्व सुनिश्चित नहुँदासम्म वास्तविक अर्थमा महिलामुक्ति सम्भव नहुने उहाँको भनाइ छ। उहाँले यो दिवसले महिलामाथि भइरहेका संरचनात्मक हिंसा, दमन, शोषण र विभेदको अन्त्यका लागि प्राप्त अधिकारको कार्यान्वयनतर्फ सचेत र सङ्गठितरूपमा अघि बढ्ने प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

“समता, स्वतन्त्रता र उत्पीडनबाट मुक्तिको आकांक्षासहित सुरू भएको महिला आन्दोलन र प्राप्त अधिकारको सम्मानस्वरूप प्रत्येक वर्ष ८ मार्चमा मनाइँदै आएको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु”, अध्यक्ष दाहालले भन्नुभएको छ।

साचो अर्थमा महिलाहरूको मुक्ति र समानताका लागि राज्यसत्ताका हरेक तहमा जनसङ्ख्याका आधारमा प्रतिनिधित्व तथा स्रोत र साधनमा समेत उनीहरूको स्वामित्व सुनिश्चित भएमा मात्रै सम्भव उल्लेख गर्दै उहाँले त्यही मान्यताका आधारमा नेपालमा समेत महिलाले आन्दोलन गर्दै आएको र ऐतिहासिक सङ्घर्षको जगमा निर्मित संविधानले महिला अधिकारलाई सुनिश्चित गर्दै नीति निर्माण र राज्य सञ्चालनका सम्पूर्ण अङ्गहरूमा समानुपातिक प्रतिनिधित्व स्थापित गरेको बताउनुभयो।

यद्यपि व्यवहारतः महिलामाथिको हिंसा, विभेद, दमन अझै अन्त्य हुन नसकेको उहाँको भनाइ छ।रासस

# नेपाल एसबिआई बैंकका ग्राहकलाई स्काईलाईन इन्फ्रामा विशेष छुट

**टुडे समाचारदाता**

वीरगञ्ज। नेपाल एसबिआई बैंक लि. र स्काईलाईन इन्फ्रा लिमिटेड वीरगञ्जबीच बैंकका सम्पूर्ण डेबिट कार्ड र मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताहरुलाई लक्षित गरी खाध्य तथा पेय पदार्थलगायत अन्य सुविधामा १५ प्रतिशत र आवास सुविधामा १० प्रतिशतसम्म छुट दिने सम्झौता आदानप्रदान गरेका थिए । सो कार्यक्रममा बैंकका वीरगन्ज शाखाका प्रबन्धक, राकेश महर्जन र बैंक तथा होटेलका अन्य पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो।

नेपाल एसबिआई बैंकले विगत ३१ वर्ष देखि बैकिङ सेवा प्रदान गर्दै आईरहेको छ । हाल बैंकका १०० शाखा, २२ एक्स्टेन्सन काउन्टर, १९ शाखा रहीत बैंकिङ, ७ प्रादेशिक कार्यालय, १२५ एटिएम र १ कर्पोरेट क्र्यालय सञ्चालनमा छन्।




भएको छ। सो सम्झौतापत्र बैंकका मधेश प्रदेश प्रमुख, उदय पन्जीयार थारु र स्काईलाईन इन्फ्राका निर्देशक, अंकुर भंगर अग्रवालले

# वीरगञ्ज गोल्डकपको उपाधि नेपाल पुलिस क्लबलाई




**टुडे समाचारदाता**

वीरगञ्ज। मुलुकमै सर्वाधिक राशी पुरस्कार भएको वीरगञ्ज गोल्डकपको उपाधि नेपाल पुलिस क्लब जितेको छ।

वीरगञ्जमा शनिबार सम्पन्न भएको दोश्रो वीरगञ्ज गोल्डकपको फाइन मैत्रमा प्रथमउपाधी विभागीय टोली नेपाल पुलिस क्लबले हात पारेको हो। फाइनल खेलमा मच्छिन्द्र क्लबलाई पेनाल्टी सुटआउटमा ३-० गोलले पराजित गर्दै यसबर्षको उपाधि उचालेको हो।

पुलिस क्बल साविक विजेता पनि हो। गतबर्ष अर्को विभागीय टोली नेपाल आर्मीलाई पेनाल्टीमै २-० गोलले पराजित गरेको थियो। यसपटक पनि पुलिस क्लब उपाधि हात पार्न सफल भएको छ।

मधेश प्रदेशकै सर्वाधिक राशी पुरस्कार रहेको प्रतियोगितामा विजेताले ११ लाख ११ हजार १११ र उपविजेताले पाँच लाख ५५ हजार ५५५ रुपैंया प्राप्त गर्नेछ। वीरगञ्ज महानगरपालिका मुख्य प्रायोजक रहेको प्रतियोगितामा एउटा विदेशी र सातवटा स्वदेशी गरी आठवटा टिमको सहभागिता रहेको थियो।

# अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा राष्ट्रपतिद्वारा शुभकामना

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले संविधानले अवलम्बन गरेको समानुपातिक समावेशी सिद्धान्त राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व र नेतृत्व स्थापित गर्न कोशेढुङ्गा सावित भएको बताउनुभएको छ।

अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा शुभकामना सन्देश दिनुहुँदै उहाँले भन्नुभएको छ “लैङ्गिक समानता र महिला सशक्तीकरणको उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण एवम् निर्णय प्रक्रिया, राजनीतिजस्ता राज्यका हरेक क्षेत्रमा महिलाको पहुँच समानरूपमा सुनिश्चित हुनुपर्ने महसुस मैले गरेको छु।”

परम्पराका नाममा समाजमा रहेका खराब अभ्यास एवम् प्रथाको कारण किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटना बढ्ने यस्ता प्रथालाई निर्मूल गर्न थप प्रभावकारी एवम् सिर्जनात्मक कार्यक्रम आयोजना गर्न जरूरी देखिएको राष्ट्रपतिको भनाइ छ। जनसंख्याको आधा हिस्सा ओगटेका महिला सशक्त भएमा सिङ्गो परिवार, समाज र समग्र राष्ट्र नै समृद्धिको मार्गमा अगाडि बढ्ने हुदाँ यसतर्फ विशेष ध्यान पुर्याउन जरूरी देखिएको राष्ट्रपति पौडेलले सन्देशमा उल्लेख गर्नुभएको छ।

उहाँले अन्तरराष्ट्रिय महिला दिवसको अवसरमा महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, विभेद र उत्पीडनको अन्त्य गर्ने काममा आ-आफ्नो क्षेत्रबाट योगदान गर्न सम्बन्धित सबैलाई आह्वान गर्नुभएको छ।रासस

# अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा उपराष्ट्रपतिद्वारा शुभकामना

काठमाण्डु। उपराष्ट्रपति रामसहायप्रसाद यादवले परम्पराको नाममा समाजमा कायम रहेका गलत मान्यता र अभ्यासलाई निर्मूल गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ। अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च) को अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले बालविवाह, बोक्सी, छाउपडी, दहेज आदिलाई परित्याग गर्दै महिला, किशोरी तथा बालिकामाथि हुने सबै खाले विभेद, उत्पीडन, हिंसा, अत्याचारको निर्मूल गर्न जरूरी रहेको उल्लेख गर्नुभयो।



महिलाको सशक्तिकरण, समावेशिकरण, समानता, शिक्षा, स्वास्थ्य, आत्मनिर्भरतालगायतको पक्षमा वकालत गर्न यो दिवस विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी अन्तरराष्ट्रिय महिला दिवस (८ मार्च) मनाइन्छ । महिलाको सम्मान हामी सबैले गर्न सक्नुपर्ने उहाँको भनाइ छ । “आमनागरिकका लागि लैङ्गिक समानता र महिलाको अधिकारबारे जागरूकता अभियान थप सक्रियताका साथ चलाउन आवश्यक छ, पछिल्लो समय नेपाली महिलाले विभिन्न क्षेत्रमा महत्वपूर्ण उपलब्धी र सफलता हासिल गर्नु गौरवको विषय हो”, उहाँले भन्नुभएको छ।

त्यसमा निरन्तरता कायम राख्दै सफलताको थप उचाइमा पुग्ने प्रयत्न र प्रयासको खाँचो रहेको उल्लेख गर्दै उहाँले आजको सन्दर्भमा, महिला सशक्तिकरण/सबलीकरण एउटा ज्वलन्त प्रश्न रहेको बताउनभयो। सबलीकरणबाटै महिलालाई सामाजिक, आर्थिक र शैक्षणिकरूपमा सुदृढ बनाउन र उनीहरूको व्यक्तिगत पहिचान स्थापित गराउन सकिने उहाँको भनाइ छ।

महिलाले देश र समाजको विकास एवं प्रगतिमा सदैव महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै उहाँले उनीहरूको साक्षरता, जागरूकता, आत्मनिर्भरता बढाउन समन्वित, संगठित प्रयास जरूरी रहेको बताउनुभयो छ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सहयोग गर्ने तत्परता देखाउने छन्। |
| वृष : | धैरैले प्रेम र मित्रताको बन्धन कसिनुका साथै दामपत्य सुखमा रमाउने समय छ। |
| मिथुन : | काम गर्ने जोश, जाँगर र आत्मबल बढ्नेछ। |
| कर्कट : | सन्तानले प्रसन्नता दिलाउनेछन्। |
| सिंह : | परिवारको सहयोगले महत्वपूर्ण कामको थालनी हुनेछ। |
| कन्या : | दाम्पत्यजीवनमाखुसियालीछाउनेछ। पारिवारिक सम्बन्धमा सुधार आउनेछ। |
| तुला : | सामाजिकमानसम्मानपाइनेसमयछ। रमाइलो यात्राको मौका रहेकोछ। |
| वृश्चिक : | सोचेको आटेको काममा सफलता मिल्नेछ। आम्दानीका श्रोतहरु फेला पर्नेछन्। |
| धनु : | व्यापार व्यवसायबाट राम्रो लाभ मिल्ने योग छ। पढाइ लेखाइमा प्रगति हुनेछ। |
| मकर : | पारिवारिक सम्बन्धमा सुधार आउनेछ भने मन खुशी रहनेछ। |
| कुम्भ : | आफ्नो अधिकारको लागि लड्नु पर्नेछ। |
| मीन : | पारिवारिक जमघटमा मन रमाउनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी गौशालाका एक  किसान उखु बिक्रीका लागि एभरेष्ट चिनी मिलमा लैजाँदै। *तस्बिरः रासस*

# महिला अधिकारसम्बन्धी कानुन कार्यान्वयन गर्ने मन्त्री सुडीको प्रतिबद्धता

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले महिलाका अधिकार रक्षाका निम्ति संविधानमा भएका व्यवस्थालाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।




११५औँ अन्तरराष्ट्रिय महिला दिवसका मूल समारोह समितिले यहाँ शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले नेपालको संविधानको धारा ३८ मा 'प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने' र 'सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने' उल्लेख गरिएको बताउँदै संविधानले गरेका कानुनी व्यवस्थको कार्यान्वयनमा हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"अधिकार प्राप्तिका आन्दोलन, राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुन, प्रतिबद्धता, प्रगतिशील संविधान, महिला सशक्तीकरणका सघन कार्यक्रमको प्रतिफलस्वरूप लैङ्गिक समानता कायम गर्न लैङ्गिक हिंसा न्यूनीकरण गर्न र महिलाको सहभागिता वृद्धि गर्नेतर्फ उल्लेखनीय प्रगति हासिल भएको छ", मन्त्री सुडीले भन्नुभयो। उपसमामुख इन्दिरा रानाले पनि महिलाको सवालमा संविधानमा व्यवस्था गरिएको अधिकारलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

नीति निर्माण र कार्यकारी पदमा महिलाको सहभागिता बढाउनुपर्नेमा उहाँको थियो । राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले महिलाका सवालमा कानुन बनाउने भन्दा पनि कार्यान्वयन चुनौतीपूर्ण बनेको बताउनुभयो।

राष्ट्रिय मानव अधिकार आयोगका अधयक्ष तपबहादुर मगरले महिलाको मावन अधिकार रक्षाका निम्ति सक्रियताका साथ काम गरिरहेको बताउनुभयो । राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले महिलाको नेतृत्व विकासका लागि राजनीतिक दलहरूले स्थानीय तहदेखि नै महिलालाई निर्णायक भूमिका दिनुपर्नेमा जोड दिनुभयो।रासस

# नेपालमा भेटिए छेपारोका तीन नयाँ प्रजाति




काठमाण्डु । नेपालमा छेपारोका तीन नयाँ प्रजाति फेला परेका छन् । वेन्ट-टोड गेक्को अर्थात् माउसुली परिवारमा पर्ने यी छेपारा चितवन-अन्नपूर्ण भू-परिधिअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र चितवनको उत्तरी क्षेत्रमा फेला परेको हो।

उक्त पहिचान तथा नामकरण गरी हालै अन्तर्राष्ट्रिय जर्नल 'जुट्याक्सा'मा प्रकाशित गरिएको अनुसन्धानकर्ता एवं संरक्षणकर्मी सन्तोष भट्टराईले जानकारी दिनुभयो । उहाँकै नेतृत्वको अनुसन्धान टोलीले छेपारोका उक्त नयाँ प्रजाति फेला पारेको हो । उक्त अध्ययन टोलीमा नेपालबाट सन्तोष भट्टराईको नेतृत्वमा विवेक गौतम, विशाल न्यौपाने, भारतका अक्षय खान्देकर, तेजस ठाकरे र इशान अग्रवाल, जर्मनीका फ्रान्क तिल्लक तथा अस्ट्रेलियाका आश ओल्सन, फिओना होगन र वेएन्डी राइट सहभागी हुनुहुन्थ्यो।

नयाँ फेला परेका प्रजातिमध्ये चितवनको उत्तरी क्षेत्र कविलास, शक्तिखोर, गैरीवारी, उपरदाङ्गढीलगायत तनहुँको बन्दीपुर र दमौलीदेखि भिमादसम्म फेला परेको प्रजातिको नामकरण 'चितवन वेन्ट-टोड गेक्को' भनेर नामकरण गरिएको छ । दोस्रो प्रजाति अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत पर्ने ल्वाङ्ग, घान्द्रुक क्षेत्र तथा कास्कीको नौडाँडा क्षेत्रमा फेला परेको प्रजातिको नाम अन्नपूर्ण संरक्षण क्षेत्रले समुदायमा आधारित जैविक विविधता संरक्षणमा खेलेको भूमिकाको कदरस्वरूप तथा अन्नपूर्ण हिमशृङ्खलाका नाममा 'एक्याप वेन्ट-टोड गेक्को' भनेर नाम राखेको छ । तेस्रो प्रजाति मनास्लु संरक्षण क्षेत्रमा भेटिएको थियो । सो प्रजातिको नाम नेपालकै वरिष्ठ वन्यजन्तु विज्ञ प्रोफेसर करणबहादुर शाहले नेपालको वन्यजन्तु (खासगरी उभयचर-सरीसृप) संरक्षणमा गरेको यागदानस्वरूप सो प्रजातिको नामाकरण 'करण वेन्ट-टोड गेक्को' भनेर राखिएको छ।

> उक्त पहिचान तथा नामकरण गरी हालै अन्तर्राष्ट्रिय जर्नल "जुट्याक्सा" मा प्रकाशित गरिएको अनुसन्धानकर्ता एवं संरक्षणकर्मी सन्तोष भ राईले जानकारी दिनुभयो ।

यसरी फेला पारिएका नयाँ प्रजाति यस अनुसन्धानका मुख्य शोधकर्ता सन्तोष भट्टराईको विद्यावारिधि अध्ययनका क्रममा सन् २०२३ को अप्रिलदेखि सेप्टेम्बरसम्म भेटिएका थिए। उक्त प्रजाति पक्का गरेपछि जर्नलमा प्रकाशित गरी हालैमात्र सार्वजनिक गरिएको हो ।वेन्ट-टोड गेक्को प्रजातिअन्तर्गत नेपालमा पहिले पनि तीन वटा प्रजाति फेला परेका र सो प्रजातिको नमुना विदेशका सङ्ग्रहालयमा राखिएकाले अहिले फेला परेका प्रजाति संसारमै नयाँ भनेर यकीन गर्न विदेशमा सङ्ग्रहित नमुनाको अध्ययन तथा तुलना साथै तिनीहरुकै आनुवंशिक अध्ययन गरी यकीन गरिएको हो।

यसरी अध्ययन गर्न नेपाल, भारत, अस्ट्रेलिया र जर्मनीका अनुसन्धानकर्ताको टोली सामेल भएको थियो। साथै सो अध्ययन टोलीले इलामबाट पहिले फेला परेको भनिएका दुई प्रजाति अनुवांशिक अध्ययन गर्दा ती प्रजाति नभई एक प्रजाति भएको यकीन गरेको छ।

गेक्कोनिडे परिवारअन्तर्गत पर्ने यी छेपारो संसारभरि तीन सय ५० भन्दाबढी प्रजातिका पाइन्छन् भने नेपालमा अहिले फेला परेका तीन नयाँसहित जम्मा पाँच प्रजातिमात्र पाइएको छ । सरकार तथा जैविक विविधता संरक्षण गर्ने नेपालका संस्था ठूला स्तनधारी वन्यजन्तुमा मात्र केन्द्रित रहेकाले नेपालमा अझै थुप्रै प्रजातिको रेकर्ड हुन बाँकी नै रहेको संरक्षणकर्मी बताउँछन्।

सरीसृपलगायत अन्य अध्ययन कम भएका प्रजातिको खोज तथा अनुसन्धानका लागि सबै सरोकारवालाले यस्ता प्रजातिको अध्ययन, अनुसन्धान तथा संरक्षणमा प्राथमिकीकरण गर्नुपर्ने देखिएको अध्ययन टोलीको नेतृत्व गर्नुभएका भट्टराईले बताउनुभयो।रासस

## जलवायु परिवर्तनको असर :
# सगरमाथा क्षेत्रमा खाद्य सुरक्षा र महिलाको पोषणमा चुनौती

काठमाण्डु। सगरमाथा क्षेत्रमा परम्परागत रूपमा उब्जाइने गहुँ, जौ, फापरजस्ता अन्नबाली अब पहिलाजस्तो उत्पादन हुन सकेका छैनन् । मौसमको अनियमितता, तापक्रम वृद्धिको असर, बेमौसमी वर्षा तथा सुक्खा मौसमका कारण खेतीपाती प्रभावित भएको स्थानीय कृषकहरू बताउँछन्।



स्थानीय महिला पासाङ ल्हामु शेर्पा भन्नुहुन्छ, "पहिले यहाँ उवा, फापर प्रशस्त फल्थ्यो, अहिले खेतीयोग्य जमिन बाँझै छोड्नुपरेको छ। पानीको अभाव, माटोको उर्बराशक्ति घट्दै जानु र चरम मौसमी परिवर्तनका कारण बाली लगाउनै कठिन हुँदै गएको छ। खेती लगाउँदा पनि खासै पहिलाजस्तो उब्जाउ हुँदैन । त्यही भएर हामीले खेती लगाउनै छोड्यौँ।"

सगरमाथा क्षेत्रका स्थानीय बासिन्दा जलवायु परिवर्तनको असरले प्रत्यक्ष रूपमा प्रभावित भइरहेका छन्। विशेषगरी यहाँका महिला तथा बालबालिकाहरू पोषण अभावको समस्याबाट जुधिरहेका छन् । जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा आएको गिरावटले खुम्बु क्षेत्रका नागरिक प्रभावित भएका छन् । अझ बढी यस क्षेत्रका महिलाको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ। पोषणको अभावले गर्भवती महिलाको स्वास्थ्य कमजोर हुने जोखिम रहेको स्थानीय स्वास्थ्यकर्मीहरू बताउँछन्।

सन्तुलित आहारको कमीले नवजात शिशुहरूको स्वास्थ्यमा समेत प्रतिकूल असर पर्न सक्ने सम्भावना बढेको स्थानीय स्वास्थ्यकर्मी डिमडोमा शेर्पाले बताउनुभयो । उहाँका अनुसार स्थानीय उत्पादन घट्दै जानु, मौसम परिवर्तनका कारण पुराना खेतीप्रणाली असफल हुनु र आयातित खाद्य सामग्रीमा निर्भरता बढ्नुले यहाँका महिलाहरू थप समस्यामा परेका छन्।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)ले केही समय अघि अजरबैजानमा आयोजित कोप सम्मेलनअघि सार्वजनिक गरेको प्रतिवेदनले हिमाली क्षेत्रको तीव्रगतिमा हिउँ पग्लिरहेको जनाएको छ । हिमाली क्षेत्रमा तापक्रम वृद्धिको दर अन्येत्रभन्दा बढी छ, जसका कारण हिउँ पग्लने गति तीव्र भएको छ।

हिमाली क्षेत्रमा खेती उब्जाउमा भारी गिरावट आउँदै गएको खुम्बुको छुकुमका तेन्जिङ जाङ्बु शेर्पाको भनाइ छ। उहाँले भन्नुभयो, "मलाई नै थाहा हुँदासम्म पनि यो वरिपरि सबै ठाउँमा लेकाली जातको फापरहरू धेरै खेती हुन्थ्यो तर अहिले हेर्नुस् त सबै जग्गाहरू बाँझै छ, खेती हुनै छोडेपछि किन दुःख मात्रै गर्नु भनेर अब त लगाउन पनि छोडियो, खै थाहा हुनेहरूले यो जलवायु परिवर्तनको असर हो भन्छन्, तर यसलाई हामीलाई धेरै समस्यामा पारेको छ।"

सगरमाथा आरोहीहरूले आधार शिविरमा छोडेका फोहरले पनि असर पुऱ्याएको छ। प्लास्टिक, खाद्यान्नका प्याकेट, तथा अन्य गैरजैविक फोहरले हिमनदीहरूमा सूर्यको प्रकाशको प्रभाव बढाएको जानकारहरूको तर्क छ।

सगरमाथा क्षेत्रमा पर्यटन व्यवसाय फस्टाएसँगै यहाँको वातावरणमा भने प्रतिकूल असर परेको छ । पर्यटन व्यवसायी पासाङ शेर्पाका अनुसार पालिका तथा नेपाल सरकारले जतिसुकै कडाइ गरे पनि आरोहीहरूले केही मात्रामा भए पनि यहाँ आफ्नो सामग्री छोडेर फर्किन्छन्, जसले वातावरणीय असन्तुलन निम्त्याइरहेको छ । लुक्लाका स्थानीय बासिन्दा तोयाकुमार श्रेष्ठ भन्नुहुन्छ, "सधैँ चाँदीझैँ टल्कने हिमालहरू अहिले काला पहाडमा परिणत भइरहेका छन्। आरोहीले छोडेका फोहर, औद्योगिक धुलो-धुवा र विश्वव्यापी तापमान वृद्धिका कारण हिमाली क्षेत्र थप जोखिममा परेको छ।"

बाहिरी आँखाले हेर्दा खैरो हुँदै गएको मात्रै देखिए पनि जलवायु परिवर्तनले हिमाली क्षेत्रका नागरिकको दैनिकीमा नै परिवर्तन ल्याएको छ । समयमा हिमपात नहुँदा जमिनहरू सुक्खा हुँदै गएका छन् भने गर्मी हुने सिजनमा जाडो हुने र चिसो समयमा गर्मी महसुस हुने गरेको स्थानीय अमृत मगरले बताउनुभयो । खेतीबाली तथा पौष्टिक तत्वको आपूर्तिमा नै असर परेको उहाँको भनाइ छ।

जलवायु परिवर्तनका कारण उच्च हिमाली भेगका महिलाको स्वास्थ्यमा दीर्घकालीन असर पर्ने सम्भावना देखिएको छ । वातावरणविद् डा राजन थापाका अनुसार शक्ति राष्ट्रहरूले चलाएका उद्योग र विश्वव्यापी तापक्रम वृद्धिले नेपालको हिमाली क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्दै गएको छ । हिमाली क्षेत्रमा पानीको स्रोत सुकेको, हिउँ पग्लदै गएको तथा मौसमी चक्र गडबड भएको स्थानीय बासिन्दाहरू बताउँछन्।

महिलाहरू खाद्य सङ्कटको शिकार बन्दै गइरहेका छन्, जसले उनीहरूको आर्थिक तथा सामाजिक अवस्था कमजोर बनाइरहेको छ । जलवायु परिवर्तनका असरहरू रोक्न सामूहिक प्रयास आवश्यक रहेको साथसाथै फाउण्डेसनका अध्यक्ष एवं अभियान्ता प्रजिता कार्की बताउनुहुन्छ । "हिमाली भेगका महिलाहरूलाई लक्षित गर्दै विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्नुपर्छ। वातावरणीय असन्तुलन न्यूनीकरणका लागि दीर्घकालीन योजनाहरू आवश्यक छ", कार्की भन्नुहुन्छ । स्थानीय तहका अधिकारीहरू तथा अन्तरराष्ट्रिय संस्थाहरूले जलवायु परिवर्तनन्यूनीकरणकालागिविशेष योजनाहरूल्याउनुपर्ने आवश्यकता औंल्याएका छन् । परम्परागत बालीहरू संरक्षण गरी जलवायु परिवर्तन अनुकूल कृषि प्रणाली विकास गर्नुपर्ने विज्ञहरूको तर्क छ। उनीहरूका अनुसार जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न दीर्घकालीन रणनीति आवश्यक छ । साना किसानहरूलाई जलवायु अनुकूल खेती प्रणाली सिकाउने, सिँचाइका लागि वैकल्पिक उपायहरू खोज्ने तथा जैविक कृषिलाई प्रवर्द्धन गर्ने नीति आवश्यक रहेको कृषि विज्ञ चन्द्रमान श्रेष्ठले बताउनुभयो।

"हिमाली भेगको कृषि उब्जाउ घट्नुको मुख्य कारण नै जलवायु परिवर्तन हो, तर खेती भएन भनेर बारीहरू यतिकै बाँझो छोड्नु झन चिन्ताको विषय हो, अन्य विधिहरू अपनाउन सकिन्छ, अर्को कुरा रैथाने खेती उब्जाउ भएन भने अन्य विकसित प्रजातिहरू पनि लागउन सकिन्छ", कृषि विज्ञ श्रेष्ठले भन्नुभयो । स्थानीय बासिन्दाहरूले जलवायु परिवर्तन अनुकूलनका लागि विभिन्न उपाय अपनाइरहेका छन्।

टनेल खेती, जैविक मलको प्रयोग र पारम्परिक ज्ञानमा आधारित कृषि प्रविधिहरू प्रयोग गर्न थालेका छन् । तथापि यी उपायहरू दीर्घकालीन रूपमा पर्याप्त नहुन सक्ने र थप सरकारी तथा गैरसरकारी सहयोग आवश्यक पर्ने विज्ञहरू बताउँछन् । कृषि उत्पादनमा आएको गिरावट, खाद्य असुरक्षा, पोषणको अभाव र जलवायु परिवर्तनको दीर्घकालीन असरका कारण उनीहरूको स्वास्थ्य सङ्कट गहिरिँदै गएको छ । स्थानीय तथा अन्तर्राष्ट्रिय निकायहरूले एकजुट भएर समाधानका उपाय खोज्न आवश्यक रहेको विज्ञहरू बताउँछन्।रासस

# अवरोधहरू तोड्न आवश्यक छ : परराष्ट्रमन्त्री देउवा

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले महिलामाथि हुने विभेदजन्य हिंसा तथा अवरोधहरू तोड्न सबैको सहकार्य आवश्यक रहेको बताउनुभएको छ।



अन्तर्राष्ट्रिय महिला दिवस-२०२५ का अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभएको छ, "आजको युगमा पनि महिला भएकै कारण विविध खालका विभेदजन्य हिंसा तथा अवरोधहरू उत्पन्न हुने गरेकाले यसलाई तोड्न सबैको सहकार्य आवश्यक छ।"

नेपालको महिला आन्दोलनले धेरै उपलब्धि हासिल गरेको उल्लेख गर्दै मन्त्री डा राणाले विकसित मुलुकको तुलनामा नेपाली नागरिकहरूको आधारभूत आवश्यकता सुनिश्चितता अझै हुन नसकेको बताउनुभएको छ। उहाँले विगतदेखि नै आफू महिलाअधिकारका लागि निरन्तर खबरदारी गर्दै आएको स्मरण गर्दै महिला सशक्तीकरण र लैङ्गिक समानताका क्षेत्रमा लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

मन्त्री राणाले भन्नुभएको छ, "महिलाका जायज आवाजहरूलाई सुनिने र देखिने गरी नीतिगत सुधार गर्ने काममा म निरन्तर रूपमा लाग्ने प्रण आजका दिनमा गर्न चाहन्छु।" उहाँले ग्रामीण र सीमान्तकृत समुदायका महिलाको क्षमता वृद्धि गरी राज्य सञ्चालनका क्षेत्रमा उनीहरूको पहुँच पुऱ्याइ किशोरीहरूको भविष्य सुनिश्चितताका लागि एकताबद्ध भएर लाग्न अनुरोध गर्नुभएको छ।रासस


# सामाजिक सञ्जाल विधेयक अराजकता घटाउन हो: नेता ढकाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का स्थायी कमिटी सदस्य एवं जनवर्गीय सङ्गठन समन्वय संयन्त्र प्रमुख भुनभक्त ढकालले सामाजिक सञ्जाल विधेयक मिडिया क्षेत्रको नियन्त्रण गर्न नभई अराजकता घटाउन ल्याउन लागिएको बताउनुभएको छ।




प्रेस चौतारी नेपाल उपत्यका प्रदेश कमिटीको दोस्रो अधिवेशनको उद्घाटन समारोमा उहाँले विधेयकमा भएका कमजोरी सच्याउन आफूले पनि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, "बलियो सरकार भएकै बेला सच्याउँ र कार्यान्वयनमा ल्याउँ, बलियो सरकार भएकै बेला काम गर्न सकिएन भनेपछि गर्न सकिँदैन।"नेता ढकालले सरकार दुईपटक ढल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "एक पटिक २०८३ असारमा एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकार र २०८४ को निर्वाचनपछि कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार ढल्छ।" दुई नेता देउवा र ओलीको समझदारी भएसम्म कसैले बोल्दैमा फरक नपर्ने स्थायी कमिटी सदस्य ढकालले बताउनुभयो । आगामी चैत ५ गते हुने स्ववियु निर्वाचनलाई स्वस्थ्य र मर्यादित बनाउन मिडियाबाट सहयोगका लागि उहाँले आग्रह गर्नुभयो ।एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले लोकतन्त्रका लागि स्वतन्त्र मिडिया आवश्यक रहेको बताउनुभयो । उहाँले त्यसैले सामाजिक सञ्जाल विधेयक लोकतन्त्रको पक्षमा र मिडियाको पक्षमा हुने बताउनुभयो।

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत, एमाले बागमती प्रदेशका उपसचिव भक्तकुमारी लामा, प्रेस चौतारीका नेता विश्वमणि सुवेदी, प्रेस युनियनका उपाध्यक्ष जीवन भण्डारी, प्रेस सेन्टरका नेता विक्रमरत्न श्रेष्ठ लगायतले प्रेस स्वतन्त्रताको पक्षमा एकताबद्ध हुनपर्नेमा जोड दिनुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# विभेद जारी नै छ

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिवका लागि डा. संगीता मिश्र नम्बर १ मा सिफारिस भएकी थिइन्। उनी वरियता, अनुभव, कार्य दक्षता सबै मूल्यांकनमा अब्बल भएकी थिइन्। सिफारिस समितिले पनि उनलाई १ मा सिफारिस गरेकाले स्वास्थ्य मन्त्रालयको सचिवमा उनी निश्चित नै थिइन्। तर मन्त्रिपरिषद् बैठकले डा.विकास देवकोटालाई सचिवमा बढुवाको निर्णय गरे। देवकोटा अयोग्य हो ने विषय छैन। तर उनी वरीयतामा डा. मिश्रको भन्दा धेरै पछाडि थिए। डा. मिश्रलाई सचिव बनाउँदा मधेशी, महिला, मन्त्रालयको वरीयतालगायत सबै सन्तुलन मिल्ने थियो। तर सरकारले डा.संगीतालाई सचिवमा बढुवा गरेन। बढुवा नगर्नुको प्रमुख कारण उनी मधेशी महिला हुन्। नेपाली कांग्रेसका युवा क्रान्तिकारी भन्न रुचाउने प्रदीप पौडेल स्वास्थ्य मन्त्री हुन्। सबै प्रक्रियाबाट अब्बल रहेकी डा. मिश्रको नाम हटाएर डा.देवकोटालाई बढुवाको प्रस्ताव मन्त्रिपरिषद्मा लगेर पास गराए। नेपाली कांग्रेस आफूलाई समाजवादी पार्टी भएको दाबी गर्दै आएको छ। तर एमाले र माओवादीको भन्दा फरक सोच नेपाली काँग्रेसका नेताहरुको पनि छैन। सरकार र ठूला राजनीतिक दलहरुमा मधेश र मधेशीप्रतिको दृष्टिकोणमा अझै परिवर्तन आएको छैन। मधेश र मधेशीसित ती दलका नेताहरुले विभेद गर्ने क्रम रोकिएको छैन। डा.मिश्र विभेदमा परेकी पछिल्लो एकजना पीडित मात्र हुन्। नेकपा एमाले, माओवादी र नेपाली कांग्रेस मात्र नभै खस आर्यले नेतृत्व गर्ने अन्य राजनीतिक दल, सकारी निकायहरुमा पनि यस्तै विभेद छ। डा.मिश्रलाई सचिव नबनाउने मन्त्री पौडेलको अन्य धेरै स्वार्थ थियो, होला ? त्यसमध्ये डा. मिश्र मधेशी महिला रहेको पहिलो कारण हो। मधेशी भएकै कारण स्वास्थ्य मन्त्रालयको प्रशासनको नेतृत्व गर्नबाट मिश्रलाई वञ्चित गरिएको छ। तर नेपाली कांग्रेसमा रहेका मधेशी नेताहरुले मौन समर्थन गरेका छन्। सत्ता साझेदार एमाले पनि निर्णयमा सहमत छ। प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले समेत चासो देखाएको छैन। मधेश र मधेशीसितको विभेदमा खसआर्य नेतृत्वको सबै दल एकजुट छन्। नेपालमा मधेशीलाई दोस्रो दर्जाको नागरिकमा राखिएको छ। संविधानमा यस्तो उल्लेख नरहेपनि व्यवहारमा मधेशीलाई हरेक क्षेत्रमा अवसरबाट बञ्चितगरिदै छ।मधेशीले अझैपनि आफूलाई नेपाली भएको प्रमाणित गर्न संघर्ष गर्नु परिरहेको छ। मधेशवादी दलहरुको कारण नै अहिले केहि अवसर मधेशीले पाइरहेका छन्। ठूला राजनीतिक दलहरुमा केही मधेशी नेताले पाएको अवसर मधेशवादी दलहरुको संघर्षको प्रतिफल हो। त्यो नेताहरुले बुझ्न आवश्यक छ। मधेशी दलहरु कमजोर भएसँगै मधेशीहरु माथिको विभेद झन् बढ्ने निश्चित छ। यस तर्फ सबै सचेत हुनुपर्छ।

# जलवायु न्यायको पर्खाइमा बितेका तीन दशक



डा. मुकेशराज काफ्ले

सन् २०२४ डिसेम्बर १० मा हेगस्थित अन्तर ार्ष्ट्रिय न्यायलयमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपालले जलवायु न्याय पाउनुपर्ने सम्बन्धी प्रस्ताव विधिवत दर्ज गरेपछि यो विषयले घरेलु समाज र राजनीतिमा चर्चा पाएको छ।एक्काइसौं शताब्दीको अन्त्यसम्ममा जलवायु परिवर्तन सम्बन्धी मुद्दा सबैभन्दा ठूलो चुनौतीका रूपमा आउने प्रक्षेपण छ।

विश्व तापमान वृद्धि र जलवायु परिवर्तनमा विश्वको उत्तरी क्षेत्रको मुख्य भूमिका छ। यसको सबभन्दा बढी प्रभाव दक्षिणी क्षेत्रमा परेको छ। तर यस क्षेत्रको जोखिम बहन गर्ने क्षमता कम देखिन्छ। यही प्रभाव र जोखिमसँग जलवायु न्यायको विषय जोडिएको छ।विगत तीन दशकदेखि जलवायु न्यायको विषय अन्तर्राष्ट्रिय मञ्चहरूमा जोडतोडका साथ उठिरहेको छ। जलवायु परिवर्तनको बहस राजनीतिक रूपमा अघि बढेपछि जलवायु न्यायको विषय उठ्न थालेको हो।यसको स्वरूप र आयाम भने फरक फरक छ। अभियानीहरूले जलवायु न्यायलाई विश्वव्यापी जागरण अभियानका रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिइरहेका छन्।

जोखिममा रहेका र विकासशील मुलुकका राजनीतिक नेतृत्वले विगतमा भएका जलवायु न्याय सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, घोषणा र प्रोटोकलहरू यथाशक्य कार्यान्वयन हुनुपर्ने पक्षमा वकालत गर्दै आएका छन्।कानुनविदहरूले जलवायु न्यायको विषयलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी दायरामा ल्याई न्याय निरूपण हुनुपर्नेमा जोड दिएका छन्।दर्शनशास्त्री, मानव अधिकारवादी र सामाजिक संघ-संस्थाहरूले पनि जलवायु न्यायलाई आआफ्नै ढंगले परिभाषित र व्याख्या गरेका छन्।

जलवायु न्यायका चार मुख्य अवयव छन् - प्रक्रियागत न्याय, वितरणमुखी न्याय, पहिचानवादी न्याय र अन्तरपुस्ता न्याय।प्रक्रियागत न्यायले जलवायु न्यायको प्रक्रिया निष्पक्ष, पारदर्शी, सहभागितामूलक र सबैको पहुँचमा हुनुपर्ने मान्यता राख्छ।

वितरणमुखी न्यायले जलवायु परिवर्तनबाट परेको असरको आधारमा क्षतिपूर्ति र सहयोग न्यायोचित ढंगले वितरण हुनुपर्ने ग्यारेन्टी माग गर्छ।पहिचानवादी न्यायले जलवायु न्याय प्राप्त गर्ने विभिन्न समुदाय, वर्ग र लिंगको पहिचान छुट्टिनुपर्ने मान्यता राख्छ। अन्तरपुस्ता न्यायले भविष्यको पुस्ताले पनि जलवायु न्याय प्राप्त गर्ने ग्यारेन्टी माग गर्छ।जलवायु न्यायको विषय सुशासनसँग प्रत्यक्ष रूपमा जोडिएको छ। संयुक्त राष्ट्रसंघ अन्तर्गत रहेको 'युएन फ्रेमवर्क फर क्लाइमेट चेन्ज (युएनएफसिसी)' नै अन्तर्राष्ट्रिय क्षेत्रमा जलवायु न्यायको विषय सम्बोधन गर्न कानुनी मान्यता प्राप्त एक मात्र संस्था हो।

सन् १९९२ मे ९ मा स्थापित यो संस्थामा हाल १९८ वटा देश आबद्ध छन्। सन् १९९४ देखि यो संस्थाले नियमित रूपमा जलवायु सम्बन्धी विश्व सम्मेलन गर्दै आएको छ। कन्फरेन्स अफ पार्टीज (कोप) भनिने सम्मेलन यही हो।सन् १९९७ मा जापानको क्योटोमा सम्पन्न कोप-३ जलवायु न्यायका हिसाबले निकै महत्त्वपूर्ण मानिएको छायो सम्मेलनले पारित गरेको 'क्योटो प्रोटोकल' ले विश्वव्यापी चर्चा पायो तर कार्यान्वयनको चरणमा जाँदा विकसित मुलुक अमेरिका आर्थिक व्ययभारमा विमति जनाएर प्रतिबद्धताबाट पछि हट्यो। त्यसपछि जलवायु परिवर्तनका विषयमा विकसित मुलुकहरूले आआफ्नो रबैया परिवर्तन गर्दा हालसम्म पनि यस सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा अन्योल व्याप्त छ।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्पन्न कोप-१५ जलवायु न्यायका हिसाबले निकै महत् वपूर्ण रह्यो।कोप-१५ ले क्योटो प्रोटोकल विस्थापित गऱ्यो। अनि निष्पक्षता, समानता र तत्काल देखिएका समस्या यथोचित सम्बोधन गर्ने अपेक्षा विपरीत घोषणापत्र तयार भयो। घोषणापत्र बनाउँदा विकसित मुलुकहरू हाबी भए। कोपनहेगन घोषणापत्र लेख्ने जिम्मेवारी अमेरिका, चीन, भारत, दक्षिण अफ्रिका र ब्राजिलले पाएका थिए।

सहभागी अन्य राष्ट्र र प्रतिनिधिहरूले यो कदमलाई अप्रजातान्त्रिक भने। उक्त घोषणापत्रको मस्यौदा घोषणासभाको एक घण्टाअघि मात्र सहभागीहरूलाई वितरण गरिएको थियो। घोषणापत्रले विकसित मुलुकहरूलाई सजिलो बनायो। हरित ग्यास उत्सर्जन कटौतीको कुनै पनि बाध्यकारी मापदण्ड निर्धारण गरेन। बरू विकासशील मुलुकहरूले जलवायु न्याय र सहयोग पाउन पूरा गर्नुपर्ने काम र सर्तमा केन्द्रित भयो।

> सन् २०२४ नोभेम्बरमा अजरबैजानको बाकुमा सम्पन्न कोप-२९ मा जलवायु वित्त अन्तर्गत विकसित मुलुकहरुले सन् २०३५ सम्ममा तीन खर्ब डलर जलवायु परिवर्तनका कारण परेको प्रतिकूल प्रभावसँग जुध्न जोखिमयुक्त, अल्पविकसित र विकासशील मुलुकहरुलाई सहयोग गर्ने घोषणा भयो। यसबाहेक जलवायु न्यायको विषयमा थप ठोस घोषणा हुन सकेन।

उक्त सम्मेलनले सहभागी देशहरूबीच अविश्वासको वातावरण पैदा गऱ्यो। सम्मेलन विकासशील र विकसित राष्ट्रहरूबीचको आरोप-प्रत्यारोपमै सीमित भएको ठहर आलोचकहरूले गरे।कोप-१५ ले जलवायु न्यायको सन्दर्भमा विकासशील मुलुकहरूको हितमा कुनै पनि निर्णय गर्न सकेन।सन् २०१३ मा वार्सामा सम्पन्न कोप-१९ मा अर्को सम्झौताका लागि विकसित मुलुकहरूमाथि दबाब सिर्जना भयो। यो सम्मेलनमा पनि विकसित मुलुकहरूले तेल उत्पादक कम्पनीहरू मार्फत विकासशील मुलुकहरूमाथि आफू अनुकूल निर्णय गराउन दबाब बढाए।

जलवायु न्यायका हिसाबले यो सम्मेलन धेरै उपलब्धिमूलक नभए पनि जलवायु परिवर्तनका कारण भएका क्षतिको विवरण संकलन गर्न अन्तर्राष्ट्रिय संयन्त्र निर्माण गर्ने प्रस्ताव पारित गऱ्यो।घोषणापत्रमा समेत विकसित मुलुकहरूले ठोस प्रतिबद्धताको साटो कानुनी रूपमा कमजोर हुने 'योगदान' शब्द राख्ने प्रयास गरेका थिए तर सफल भएनन्।

जलवायु न्यायका हिसाबले सन् २०१५ मा पेरिसमा सम्पन्न कोप-२१ निकै महत्त्वपूर्ण मानिन्छ। पेरिस सम्मेलनको प्रस्तावनामा नै 'जलवायु न्याय' पदावली समावेश छ। यो सम्मेलनमा एक्काइसौं शताब्दीको अन्त्यसम्ममा विश्वतापमान वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्य निर्धारण गरेको थियो।

सम्मेलनले निश्चित समय सीमाभित्र विकसित र विकासशील मुलुकहरूले कार्बन उत्सर्जनमा गर्नुपर्ने कटौतीको सीमा समेत तोकेको छ। विश्वको हरितग्यास उत्सर्जनमा दक्षिण एसियाको भूमिका करिब सात प्रतिशत छ। अधिकांश दक्षिण एशियाली मुलुकहरूले पेरिस सम्झौता अन्तर्गत हरित ग्यास उत्सर्जन घटाउने मापदण्ड निर्धारण गरेका छन्। भारतले सन् २००५ लाई आधार वर्ष मानेर सन् २०३० सम्ममा हरितग्यास उत्सर्जन ३५ प्रतिशत घटाउने लक्ष्य राखेको छ। पाकिस्तानको सोही अवधिमा २० प्रतिशत र बंगलादेशले पाँच प्रतिशत घटाउने लक्ष्य छ।

पेरिस सम्मेलनपछि सन् २०१८ मा पोल्यान्डमा सम्पन्न कोप-२४ ले पेरिस सम्झौता कार्यान्वयनको निर्देशिका अनुमोदन गऱ्यो। यो निर्देशिकाले पेरिस सम्झौतामा उल्लिखित बजार संयन्त्र निर्माणको प्रस्ताव कार्यान्वयन गर्ने व्यवस्था पनि गऱ्यो। यो संयन्त्र अन्तर्गत स्वच्छ ऊर्जा विकास र संयुक्त कार्यान्वयन मोडल तयार गरियो। यी संयन्त्रको विकासमार्फत कार्बन उत्सर्जन निर्धारित लक्ष्य अनुसार घटाउँदै लैजाने मार्गचित्र समेत अघि सारियो।

यसो भए पनि पेरिस घोषणापत्रले निर्धारण गरेको १.५ डिग्री सेल्सियसको तापक्रम वृद्धिको सीमा विकसित र मूलतः तेल उत्पादक तथा निर्यातकर्ता देशहरू अमेरिका, साउदी अरेबिया, रसिया र कुवेतले स्वागत गरेनन्। विकासशील र जलवायु जोखिमयुक्त देशहरू भने यो पक्षमा खुलेर उभिए।

पोल्यान्ड घोषणापत्रले समेत सीमान्तकृत, महिला लगायत लक्षित समूहहरूले जलवायु न्याय प्राप्त गर्न नसक्ने भनी यस क्षेत्रमा काम गर्दै आएका अभियानी र गैरसरकारी संघसंस्थाले विरोध जनाए।

सन् २०२४ नोभेम्बरमा अजरबैजानको बाकुमा सम्पन्न कोप-२९ मा जलवायु वित्त अन्तर्गत विकसित मुलुकहरूले सन् २०३५ सम्ममा तीन खर्ब डलर जलवायु परिवर्तनका कारण परेको प्रतिकूल प्रभावसँग जुध्न जोखिमयुक्त, अल्पविकसित र विकासशील मुलुकहरूलाई सहयोग गर्ने घोषणा भयो। यसबाहेक जलवायु न्यायको विषयमा थप ठोस घोषणा हुन सकेन।

सम्मेलनको बीचमै अमेरिकामा डोनाल्ड ट्रम्पको पुनरोदयका कारण सहभागीहरूका बीचमा अन्योल छाएको थियो। सम्मेलन आयोजक र सहजकर्ताहरू पेरिस सम्मेलनबाट अमेरिकाले हात झिकेपछिको परिस्थिति दोहोरिने चिन्तामा देखिन्थे।

विगत ३० वर्षमा जलवायु कार्य र न्याय कार्यान्वयनमा ठूलो अन्योल र असमानता देखिएको छ। विकसित र तेल उत्पादक तथा निर्यातक देशहरूको भूमिकाले जलवायु जोखिममा रहेका विकासशील र अल्पविकसित मुलुकहरू चपेटामा परेका छन्।जलवायु न्यायको व्याख्या र वकालत गर्ने देश तथा संघसंस्थाहरू मूलतः चार समूहमा विभाजित देखिन्छन्।

पहिलो समूह कट्टरपन्थी छ। यसमा साना टापू देशहरूको अलाइन्स (एओसिस) र अल्प-विकसित देशहरूको समूह (एलडिसी) लगायत जलवायु कार्यसँग सम्बन्धित गैरसरकारी संघसंस्था, युवा, महिला र आदिवासी समूहहरू छन्।एओसिस समूहमा सिंगापुर लगायत ३८ देश आबद्ध छन्। एलडिसी समूहमा नेपालसहित ४८ वटा देश छन्। यो समूहले जलवायु न्यायका लागि राजनीतिक संघर्ष गरिरहेको छ। विगतका सबै कोप र अन्तर्राष्ट्रिय मञ्चमा यो समूहले जलवायु न्यायका लागि निरन्तर आवाज उठाउँदै आएको छ।दोस्रोमा, जलवायु परिवर्तनमा समान विचारसहितका विकासशील देशहरूको 'लाइक माइन्डेड' समूह छ। यसमा चीन, भारत, साउदी अरेबिया लगायत २५ वटा देश छन्।

आलोचकहरूले यो समूहलाई अवसरवादी भन्ने गरेका छन्। यो समूहले जलवायु न्यायको नाममा आफ्नो हित हुने कामको मात्र वकालत गरेको भन्ने आरोप छ। जलवायु न्यायको विश्वव्यापी संयन्त्र निर्माण गर्ने र कार्यान्वयन गर्ने विषयमा यी देशहरू अनिच्छुक देखिन्छन्।जीवाश्म इन्धन उत्पादन र निर्यातमा केन्द्रित यो समूहका देशहरूले प्रत्येक कोप सम्मेलनमा जलवायु न्याय घोषणा र कार्यान्वयनमा आफ्नो स्वार्थ अनुकूल प्रभाव पार्ने गरेका छन्। तेल उत्पादक र निर्यातक व्यापारिक कम्पनीहरूले समेत यो समूहलाई साथ दिएका छन्।

तेस्रोमा, छाता समूह र युरोपेली युनियन छन्। छाता समूहमा अमेरिका, रसिया, क्यानडा, अस्ट्रेलिया लगायत १२ वटा देश छन्। युरोपेली युनियनमा २८ वटा देश समावेश छन्।आलोचकहरूले यो समूहलाई ढोंगी भनेका छन्। विश्व तापमान वृद्धिमा यो समूहका देशहरूको ठूलो भूमिका छ। उनीहरू सार्वजनिक मञ्चमा जलवायु न्यायको वकालत गर्छन्। खर्बौं डलर वित्तीय सहयोगको वाचा पनि गर्छन् तर व्यवहारमा वाचा पूरा गर्दैनन्। यिनीहरू पेरिस सम्झौताको प्रतिबद्धताबाट बिस्तारै पछि हट्दैछन्।

चौथो 'इन्भेडर' समूह छ। यो समूहको नेतृत्व पनि अमेरिकाले नै गरेको छ। यो समूह जलवायु न्यायको आवश्यकता नै अस्वीकार गर्छ। यसले आफ्नो विश्वव्यापी शक्तिका आधारमा जलवायु न्यायको औचित्य र कार्यान्वयनमा बाधा गरेको देखिन्छ।

यो समूहले पेरिस सम्झौता र आइपिसिसी (इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज) को विश्वमान वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित गर्ने प्रतिवेदन कार्यान्वयनमा अवरोध गरेको देखिन्छ। अभियानीहरूले यो समूहलाई भगौडा भनेका छन्।

निष्कर्षमा, विभिन्न स्वार्थ समूहहरूका कारण जलवायु न्याय र वातावरण सम्बन्धी सम्झौता, घोषणा र प्रोटोकल कार्यान्वयनमा अन्योल देखिएको छ। विगत तीन दशकदेखि जलवायु जोखिमयुक्त देशहरूले जलवायु न्याय र उचित क्षतिपूर्तिका लागि संघर्ष गर्नुपरेको छ।

संयुक्त राष्ट्र संघको विद्यमान संरचना युएनएफसिसी नै यो विषयको नेतृत्व र कार्यान्वयन गर्ने एक मात्र सर्वस्वीकार्य तथा अधिकार प्राप्त संस्था भएकोमा विवाद छैन। अहिलेसम्मको अवस्था हेर्दा यसको संरचनाबाट वास्तविक पीडितले जलवायु न्याय प्राप्त गर्न कठिन हुने देखिएको छ।यसर्थ, युएनएफसिसीको संरचना समयसापेक्ष परिवर्तन गर्न आवश्यक देखिएको छ।सेतोपाटी

# नेपाली वाङ्मयका जाज्वल्यमान् मणि चूडामणि



गोविन्द लुइँटेल

ऊ एसएलसी परीक्षाको तयारीमा थियो, २०४० सालको कुरा। एउटा अलिक राम्रो कापी किन्न पनि उत्तरतर्फ करिब चौध किलोमिटर टाढाको उर्लाबारी पुग्नुपर्थ्यो।दक्षिणी ग्रामीण क्षेत्र इटहराबाट उर्लाबारी पुग्नु निकै सकसको काम थियो, तीन घण्टा हिँड्नुपर्थ्यो।त्यो बेला घरमा एउटा साइकल हुनु पनि शानको कुरा हुन्थ्यो। आजकाल मोटरसाइकल हुनु पनि सामान्य भइसक्यो, गाडीसम्मले शान धान्छ।उसले साइकल चलाउन थालेको वर्षदिन जति भएको हुँदो हो। उसका काकाले चिटिक्क परेको रेल्वी साइकल किनेका थिए, खुब मन पर्थ्यो उसलाई।

ऊ काका-काकीसँगै बस्थ्यो। मौका पऱ्यो कि साइकल कुदाइहाल्थ्यो। काका कहिलेकाहीं चाबी लुकाइदिन्थे वा खल्तीमै बोकेर हिँडिदिन्थे।ऊ छटपटीमा पर्थ्यो।उसलाई अंग्रेजी ग्रामरको एउटा किताब चाहिएको थियो। बजारमा राम्रो किताब आएको छ भन्ने थाहा पायो।एक दिन बिहान अलिक चाँडै खाना खायो, काकालाई मनायो र रेल्वी साइकलमा उर्लाबारीतिर हुइँकियो।

हुइँकिनु पनि के थियो र! भरखरै त हो साइकल चलाउन सिकेको! त्यसमाथि बडेमानका भारी ओसार्ने बयलगाडाले खोल्सा र उबडखाबड पारेको बाटामा सिकारू साइकलचालक डेढ घण्टाभन्दा कममा उर्लाबारी पुग्न सम्भव नै थिएन। बिहान ११ बजेतिर ऊ उर्लाबारी पुग्यो। पूर्व-पश्चिम राजमार्गबाट उत्तरपट्टि किनारामै थियो 'लालीकिरण पुस्तक पसल', त्यहीं उसले ग्रामर किताब माग्यो, मूल्यः २० रूपैयाँ।वर्ष दिनजति भएको हुँदो हो बीस रूपैयाँको नोट चल्तीमा आएको। हलुका रातो रङको त्यो नोट उसलाई खुब मन पर्थ्यो।

खल्तीमा बीसका दुई वटा नयाँ नोट थिए, दसैंतिर हात परेका। पाँच-दशका नोट पनि तीनचार वटा जति हुँदा हुन्।ऊसँग खल्तीमा एकैपटक त्यति पैसा हुनु पनि निकै ठाँटको कुरा थियो।उसले बीस रूपैयाँको नोट दिएर किताब लियो। किताबको नाम के थियो, बिर्स्यो तर 'गौतमको ग्रामर' भनेर नाम चलिसकेको रहेछ!

'ग्रामरको नयाँ किताब आएको छ अरे नि' भन्नासाथ बिक्रेताले 'गौतमको ग्रामर हो' भनेर सोधेको उसलाई सम्झना छ।गौतमको त्यो ग्रामरमा उसले निकै ध्यान दियो।परीक्षा लेख्न दुई महिनाजति बाँकी हुँदो हो।उसका शिक्षकले 'ल तँ अंग्रेजीमा राम्रो छस्' भनेर फुर्क्याएका थिए। अझ राम्रो हुन उसले ग्रामर किताब खोजी गरेर किनेको थियो।त्यो किताब पहिलोपटक २०३७ सालमै पो छापिएको रहेछ!

एसएलसी परीक्षापछि पनि उसले गायत्रीमन्त्रझैं मानेर त्यो किताब पढ्यो, अभ्यास गऱ्यो। त्यही किताब पढेर हो ऊ 'डिरेक्ट-इन्डिरेक्ट स्पिच' र ' भ्वाइस' अरूलाई सिकाउन सक्ने भएको।

ऊ अंग्रेजी भाषामा काल (टेन्स) खुट्याएर राम्रा वाक्य बनाउन सक्ने भयो। ट्याग क्वोइस्चन बनाउन जान्ने भयो। अरूलाई पनि सिकाउन सक्ने भयो।चूडामणि गौतमले कुनै पनि अंग्रेज वैयाकरणले नगरेको तरिकाले टेन्स सूत्रबद्ध गरिदिए। उनी आफैंले पनि यसलाई 'अनधिकृत' अभ्यास भनेका छन् तर त्यही सूत्रले नेपाली विद्यार्थीलाई अंग्रेजीको टेन्स सिकायो।

आज पनि ऊ त्यही ग्रामरको जगमा अंग्रेजी भाषाका किताब पढ्ने आँट गर्छ।त्यो किताब उसले खुब हिफाजत गरेको थियो। धरानमा आइएस्सी पढ्न जाँदा पनि सँगै लगेको थियो। धरानमा दुई वर्ष बस्दासम्म जोगाएको थियो। त्यसपछि कता पुग्यो केही मेलो पाएन।

किताब बेपत्ता भयो तर आज पनि उसलाई त्यसमा प्रेम छ, सम्मान छ।ऊसँग आज पनि चूडामणि गौतमको 'हाइअर इङ्लिस ग्रामर' साथमा छ। उसलाई चाहिने जति त्यसमै छ। त्यसमाथिको अंग्रेजी ग्रामर उसलाई आवश्यक परेको छैन।यही किताब पढेर हो उसले अंग्रेजी शब्द उच्चारणको आधारभूत ज्ञान हासिल गरेको।

यिनै चूडामणि गौतम 'ग्रामर गुरू' उपनामले सुपरिचित, सम्मानित र ख्यातिप्राप्त छन्। उनको पहिलो पुस्तक कुन हो उसलाई हेक्का छैन, उसले एसएलसी परीक्षाको मुखतिर २०४० सालमा बीस रूपैयाँमा किनेको त्यही ग्रामर पो हो कि!ग्रामर गुरू भनेपछि उनले अंग्रेजी व्याकरण मात्र लेखेका हुन् कि भन्ने पर्न सक्छ। होइन, उनले त अंग्रेजी भाषामा भन्दा बढी काम नेपाली भाषामा गरेका छन्।करिब ५० वर्षको साधनामा सानाठूला गरेर एकसय बाह्र वटा कृति लेखे। नेपाली वर्ण विन्यासमा भएको हमला र भाँडभैलोका विरूद्ध मात्रै पनि सातवटा पुस्तक-पुस्तिका लेखे।

यसअन्तर्गत 'वर्णविन्यासका दुश्मन' लाई उनले 'भाषिक आन्दोलनको अन्तिम पुस्तिका' र '१११औं' भनेका छन्।यति गरेर उनले ८२ वर्षको उमेरमा देह त्याग गरे।देह त के हो र! अत्मा छुटेर गएपछि शीघ्रातिशीघ्र विश्रामको वस्तु भइदिन्छ, मायाको त्यो शरीर भयको स्रोत भइदिन्छ।देहको माया क्षणिक रहेछ, शाश्वत हुने त कृति नै रहेछ। दिवंगत आत्मा त्यही कृतिमा बसेको हुँदो हो! रमाउँदो हो!

त्यसैले त हाम्रो पूर्वीय दर्शन 'न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः, अजो नित्यः शाश्वतोऽयं पुराणो नहन्यते हन्यमाने शरीरे' भन्छ नि!चूडामणि गौतमले कसका लागि लेखेनन् र! स्कुले विद्यार्थीका लागि, क्याम्पस पढ्नेका लागि, भाषाका विद्वान-प्राज्ञका लागि आमपाठकका लागि र सबैका लागि लेखे।उसलाई लाग्छ, अंग्रेजी व्याकरण लेख्नु उनको पेसा थियो; व्यवसाय थियो। त्यसले उनलाई नाम दियो, गौरव दियो, दाम दियो।उनले भनेकै छन्– अंग्रेजी ग्रामर लेखेर कमाइ-आर्जन गरें, कृतकृत्य छु तर मेरो भाषा नेपाली हो।

सबैभन्दा ठूलो त अंग्रेजी ग्रामरको आर्जनले उनलाई नेपाली भाषामा साधना गर्ने हिम्मत दियो। भाँडभैलो विरूद्ध विद्रोह गर्ने साहस दियो। उनले एउटा भिडियो अन्तर्वार्तामा आफूलाई स्कुलको शुल्क तिर्न नसक्ने गरिब भनेका छन्। पूर्वी पहाडका ती गरिब एक्काइस वर्षको उमेरमा एसएलसी परीक्षा उत्तीर्ण गरेर काठमाडौंमा धनी व्याकरण गुरू बनेका व्यावसायिक लेखनले नै हो। त्यही व्यावसायिक लेखनले हो उनलाई नेपाली भाषा-वाङ्मयका निष्ठावान् साधक बनाएको।

भाषामा व्याकरण र शब्दकोश साह्रै निरस विषय मानिन्छ। यही निरस विषयलाई चूडामणिले विद्यार्थीका लागि रसिलो र स्वादिलो बनाइदिए। उनले अंग्रेजी व्याकरण सिकाउन गरेको कामसँग तुलनै नहुने गरी नेपाली भाषामा काम गरेका छन्। उनले अंग्रेजी भाषा पढे, आफूले सिके अनि अरूलाई सिकाउन व्याकरण लेखे।नेपाली भाषामा मनसावाचाकर्मणा साधना गरे, साधनाबाट मात्र लेखे। निष्ठाले र समर्पणले लेखे। आर्जन गर्न र कृतकृत्य हुन होइन, नेपाली भाषाको मौलिकता र विशिष्टता जोगाउन लेखे।सिकाउन मात्र होइन, अध्ययन-अनुसन्धानका लागि गहकिला कृति दिए।

नेपाली भाषाको भण्डारमा अमूल्य निधि दिएर गए। 'बृहत्तर नेपाली शब्दकोश' उनको लामो र अथक साधनाको नतिजा हो जो नेपाली वाङ्मयको अद्वितीय सम्पदा भएको छ।नेपाली शब्दकोशमाथि २०४० सालमै प्रहार सुरू भएको थियो। त्यो प्रहार सबल हुँदै २०६७ मा आइपुग्दा नेपाली भाषा अस्तव्यस्त भयो।अझै अघि बढेर २०६९, २०७२ सम्ममा ध्वस्त नै भयो, सकियो।र, २०७५ सालसम्ममा चरमोत्कर्षमा पुग्यो।

नेपाल प्रज्ञाप्रतिष्ठानले नेपाली संयुक्त अक्षर लोप गरायो, चल्तीको वर्तनी तहसनहस पाऱ्यो। चल्तीका अक्षर नै लुप्त गराइदियो। संयुक्त अक्षर खाइदियो। अभ्यास र अनुभवबाट होइन, कोठे बैठक र सरकारी निर्णयमार्फत 'नेपाली बृहत् शब्दकोश' भाताभुंग पादिदियो। नेपाली भाषाको वैशिष्ट्य नामेट पारिदियो। भाँडभैलो मच्चाइदियो।यस हमलाबाट साह्रै खिन्न र असन्तुष्ट थिए चूडामणि गौतम।

उनी नेपाली संयुक्त अक्षर र प्रचलित हिज्जे परम्पराका पक्षपाती थिए, यो जोगाउने अभियानमा थिए। नेपाली भाषा शुद्ध लेख्नु, लेखाउनु र यसको मौलिकता जोगाउन उनको मूल ध्येय थियो।उनी संस्कृत भाषाका शब्द नेपाली भाषामा प्रयोग गर्दाको तत्सम रूपझैं अन्य भाषाका आगन्तुक शब्द पनि तत् तत् भाषाकै उच्चारणअनुसार तत्सम रूपमै लेख्नुपर्ने मान्यतामा थिए।उनी 'सहिद' होइन 'शहीद' अकाट्य शुद्ध हो, 'फुल' र ' फूल' श्रूतिसमभिन्नार्थी शब्द हुन् भन्ने मान्यतामा अविचलित रहे।उनले 'फूल' लाई 'फुल' को अनेकार्थी शब्द मान्ने समूह खारेज गरिदिए।

यही मान्यतामा उनले नेपाल प्रज्ञा प्रतिष्ठानलाई हाँक दिएर 'संक्षिप्त नेपाली शब्दकोश' लेखे। यस शब्दकोशको खास विशेषता नै आगन्तुक शब्दको तत्सम रूप प्रयोग हो।

यसकै विस्तारित रूप हो 'बृहत्तर नेपाली शब्दकोश' जसमा २०६४ पृष्ठमा ८७ हजार शब्दको प्रविष्टि छ।नेपाली भाषाका साधकहरूले यो शब्दकोशको मुक्त कण्ठले प्रशंसा गरेका छन्।शरच्चन्द्र वस्तीले यसलाई 'अमूल्य उपहार' ठहर गर्दै लेखेका छन्– शुद्ध र सही वर्णविन्यासका लागि कुन शब्दकोश प्रयोग गर्ने? मैले आजसम्म यस प्रश्नको उत्तर दिन सकेको थिइनँ, अब उत्तर हाजिर छ– चूडामणि गौतमको बृहत्तर नेपाली शब्दकोश।

उनको निष्कर्ष छ– नेपाली भाषालाई वर्णविन्यासका विकृतिको आत्मघाती अराजकताबाट मुक्त गराउने बृहत्तर संकल्प र सामर्थ्यले समेत ओतप्रोत छ।लेखक केदार शर्माले 'सुपरिचित कोशकार चूडामणि गौतमको फराकिलो अनुभव र अविश्रान्त ऊर्जाको प्रतिफल' भनेका छन्।उनले लेखेका छन्– तपाईंलाई आफूले सिकेपढेजसरी नै शहीद, दर्शौं, दूध, फूल आदि लेख्न मनपर्छ भने, र तपाईंलाई एकेडेमीको भाषिक बलमिचाइँ मन पर्दैन भने तपाईंको लेखनलाई सघाउने शब्दकोश बल्ल बजारमा आएको छ।

त्यही हो बृहत्तर नेपाली शब्दकोश। चूडामणि गौतमले नेपाल प्रज्ञा प्रतिष्ठानले ध्वस्त बनाएर विवादमा पारेका शब्दहरू संकलन गरेर ' विवादित वर्णविन्यासको नेपाली शब्दकोश' लेखे।शिक्षामन्त्रीलाई भुलभुलैयामा पारेर सरकारी निर्णय गराईकन त्यसकै आडमा नेपाल प्रज्ञा प्रतिष्ठानले नेपाली हिज्जेमा हमला गरेपछि, फरक हिज्जेका श्रूतिसमभिन्नार्थी शब्दलाई एउटै हिज्जेमा ढालेर 'अनेकार्थी शब्द' मा दर्ज गरेपछि चूडामणि गौतमले 'फुलको माला क्या मज्जा' लेखेर चोटिलो कटाक्ष गरे।

नेपाली शब्दमा एक थरीले मच्चाएको भाँडभैलोविरूद्ध उनी सशक्त विद्रोही भएर निस्किए।हुनुपर्ने त फूलको माला पो थियो।नेपाली शब्द शुद्ध ढंगले लेख्न सिकाउने उद्देश्यले 'शुद्ध नेपाली यसरी लेख्ने' पनि लेखे।बृहत् नेपाली शब्दकोशमा नेपाल प्रज्ञा प्रतिष्ठानले गरेको हमलामा सर्वोच्च अदालतले रोक लगाइदिएपछि चूडामणि प्रशन्न देखिएका थिए।उनले 'दुई हातका औंलाभरिका मान्छेले मातृभाषा (नेपाली) प्रति जघन्य अपराध गरेको' र पाठ्यपुस्तकमार्फत ' एउटा पुस्ता बरबाद गरेको' भनेर असन्तुष्टिको ज्वाल नै ओकलेका थिए।

जीवनको उत्तरार्धमा आमपाठकका लागि जीवन, जगत् र आत्मस्वीकृतिको सेरोफेरोमा ' बाफरे जिन्दगानी!' नामको सशक्त कृति दिए।उनले एउटा कथा संग्रह पनि लेखेका छन्।

नेपाली भाषाका एक साधक बलदेव गाउँले चूडामणि गौतमलाई कामको अठोट गरेपछि कम्मर कसेर अघि बढ्ने निष्ठावान् साधक मानेका छन्। बलदेवले चूडामणि गौतमलाई सधैं युवा जोशका साधक र लेखकका रूपमा चिने।नेपाली भाषा-वाङ्मयका अविश्रान्त साधक चूडामणि गौतमको भौतिक शरीर महापञ्चभूतमा विलीन भयो। यो प्राकृतिक सत्य एक दिन घटित हुनु नै थियो जो उनको बयासीऔं वर्षमा भयो।उनले जे दिएर गए त्यो अतुलनीय दिए, अनुमप दिए। नेपाली भाषालाई जीवन्त र गतिशील राख्ने युगीन कृति दिए।

ग्रामर गुरू, कोशकार, भाषाका साधाक चूडामणि गौतमप्रति हार्दिक श्रद्धासुमन!तेह्रौं दिनको पुण्य तिथिमा हार्दिक श्रद्धाञ्जलि!त्यो दिव्य आत्माको चिर शान्तिको कामना! शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना!

# ‘स्रोत र साधनले भ्याएसम्म भूकम्पपीडितलाई सहयोग जारी छ’

अछाम । गृहमन्त्री रमेश लेखकले भूकम्पपछिका पुनर्निर्माण र पुनःस्थापनालाई सरकारले प्राथमिकतामा राखेर तदनुरुप काम गरिरहेको बताउनुभएको छ ।

अछाम जिल्ला समन्वय समितिको कार्यालयमा स्थापना भएको जिल्ला भूकम्पीय पुनर्निर्माण तथा पुनःस्थापना आयोजना कार्यान्वयन एकाइ कार्यालयको शनिबार उद्घाटन गर्दै उहाँले स्रोत र साधनले भ्याएसम्म सरकारले भूकम्पपीडितलाई



सहयोग गरिरहेको बताउनुभयो ।

गत वर्षको कात्तिकमा भएको भूकम्पबाट प्रभावित भएकालाई सहज ढङ्गले सेवा प्रवाह गर्ने उद्देश्यले स्थापना भएको उक्त एकाइले अछाम, बाजुरा र डोटीका नागरिकलाई सघाउने छ ।

नवस्थापित एकाइमार्फत पीडितलाई आवास निर्माण तथा मर्मतससम्भारका काम गर्न सहज हुने विश्वास व्यक्त गर्दै लाभग्राहीलाई द्रुत सेवा प्रवाह गर्न उहाँले प्रमुख जिल्ला अधिकारीलगायत सम्बद्ध कर्मचारीलाई निर्देशन पनि दिनुभयो ।

भूकम्पबाट क्षति भएका अछामको बान्नीगढी जयगढ गाउँपालिका वडा नम्बर ३ र ४ का ४ जना लाभग्राहीलाई आवास पुनर्निर्माणअन्तर्गत पहिलो किस्ता बापत प्रतिघर रु ५० हजार प्रदान गरिएको छ । एकाइ स्थापनासँगै लाभग्राहीलाई उक्त रकमको चेक हस्तान्तरण गरिएको थियो ।

त्यस अवसरमा प्रतिनिधिसभा सदस्य पुष्पबहादुर शाह, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख भीष्मकुमार भुसाल, प्रदेशसभा सदस्य मानबहादुर रावल, तीन वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी उपस्थित हुनुहुन्थ्यो ।

जाजरकोट भूकम्पमा परी एक सय ५७ जनाले ज्यान गुमाएका थिएभने तीन सय ७५ जना घाइते भएका थिए ।

विसं २०७९ कात्तिकमा २३ गते बिहान डोटीको पूर्वीचौकी गाउँपालिका ३ को गैरगाउँ केन्द्रबिन्दु भएर ६ दशमलव ६ म्याग्नेच्युडको भूकम्प भएको थियो ।

उक्त भूकम्पमा उक्त गाउँका ६ जनाको मृत्यु भएको थियो भने ८ जना घाइते हुनु भएको थियो। डोटीका नौवटा स्थानीय तहबाट ५४१ वटा निजी आवास पूर्ण रुपमा क्षति भएका र चारहजार एक हजार ४६ घरहमा आंशिक क्षति भएको छ थियो ।

त्यस्तै ४७ विद्यालय, आठ स्वास्थ्य चौकी, नौ सरकारी भवन र चार सांस्कृतिक संपदामा पनि क्षति भएको थियो ।रासस

# ‘लोकतन्त्रलाई कमजोर पार्ने र पछाडि फर्काउने हर्कतका विरुद्ध सबै एकजुट हौँ’: डा भट्टराई

काठमाण्डु । हामीले लामो सङ्घर्ष गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र ल्यायौँ । त्यसले जनतालाई अधिकार सम्पन्न बनाएसँगै देश क्रमशः सकारात्मक दिशातर्फ अघि बढिरहेको छ । तर विकास, समृद्धि र रोजगारीको आवश्यकता पूरा हुन नसक्दा जनतामा केही असन्तुष्टि भने देखिएको छ ।

प्रशासन, न्यायालय, सुरक्षा अङ्गलगायत राज्यका संस्थाहरू कमजोर भएकाले पनि चाहेको जस्तो सुशासनको प्रत्याभूति हुन सकिरहेको छैन । तर यो एउटा पाटो मात्र हो । यसलाई लोकतान्त्रिक ढङ्गले समाभान हल गर्दै जानु प्रभावकारी हुन्छ ।

केही समययता सडक र सामाजिक सञ्जालमा अस्वाभाविक रूपले फेरि राजतन्त्रलाई फर्काउने र संविधानका सकारात्मक पक्षलाई उल्ट्याउने भन्ने किसिमका गतिविधिहरू हुन थालेका छन् । यो चिन्ताको विषय हो ।


बहुदलीय लोकतन्त्रमा दल र विचारहरू फरक हुनसक्छन् । समाजमा अगाडि बढ्ने, यथास्थितिमा रहने र पछाडि फर्कने प्रवृत्ति जहिले पनि भइरहन्छ । यस्ताखालका समस्याको समाधान पनि लोकतान्त्रिक विधिमार्फत खोज्नुपर्छ । तर अहिले जसरी प्रायोजित हिसाबले हल्ला चलेको छ, म त्यस्तो सम्भावना देख्दिँन । यस्तो प्रवृत्तिले अनावश्यक समय र शक्ति बर्बाद गर्छ ।

पूर्वराजाले कुनै भूमिका खोज्ने हो भने नेपालको वर्तमान संविधानअन्तर्गत त्यो ठाउँ छैन । किनकी सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनता तथा जनतामा नीहित सार्वभौमसत्तालाई संविधानको असंशोधनीय प्रावधान भनेर राखिएको छ । यस्तो अवस्थामा यो सम्भव नहुने विषय हो ।

राजतन्त्रमा एउटा व्यक्ति र परिवारमा सर्वाधिकार रहन्छ । यो सिधैं वर्तमान संविधानसँग बाँझिन्छ । जनताको बलिदान र सङ्घर्षमार्फत संविधानसभाबाट जारी भएको संविधानलाई उल्टयाइयो भने थप समस्या सृजना गर्दछ । नेपालजस्तो जटिल भूराजनीतिमा रहेको मुलुकमा कसैको आग्रह वा बहकाउमा लागेर यस्ता गतिविधि गर्न थालियो भने देश र जनतालाई ठूलो नोक्सान पुग्छ ।

देश र जनतालाई माया गर्नेहरू सबैले यस्ता विषयलाई खेलबाड गर्नुहुँदैन । लोकतन्त्रका

> लोकतन्त्रलाई नै अन्त्य गरेर अलोकतान्त्रिक वंशाणुगत कुनै प्रणाली ल्याउने भन्नु देश र जनतामा हितकारी हुँदैन । यसले गम्भीर समस्या सिर्जना गर्छ ।



कमजोरी हुन्छन्, त्यसलाई लोकतन्त्रभित्रैबाट सच्याउनुपर्छ। लोकतन्त्रको विकल्पमा उन्नत लोकतन्त्र खोज्ने हो । यसलाई अझ सहभागितामूलक, पारदर्शी र सुशासनयुक्त बनाउनुपर्छ । त्यसमा सबै दलबीच सहमति र समन्वयमार्फत छलफल हुनुपर्छ ।

लोकतन्त्रलाई नै अन्त्य गरेर अलोकतान्त्रिक वंशाणुगत कुनै प्रणाली ल्याउने भन्नु देश र जनतामा हितकारी हुँदैन । यसले गम्भीर समस्या सिर्जना गर्छ । किनकी विश्वमा देखिएका विभिन्न शक्ति केन्द्रहरुले अहिले हाकाहाकी आफ्नो प्रभूत्व विस्तारका निम्ति अर्को देशको स्वाधीनता र सार्वभौमिकतामाथि सिधैं हमला गरिरहेका छन् ।

यस्तो युगमा हाम्राजस्तो जटिल भूराजनीति भएको मुलुकमा लोकतन्त्रलाई खलबल्याउने र अस्थिरता ल्याउने काम गरिएमा देश र जनताका लागि घात हुन्छ । कसैबाट पनि त्यो नहोस् । यसप्रति सबै गम्भीर बनौँ । लोकतन्त्रलाई कुनै पनि ढङ्गबाट कमजोर पार्ने काम कसैबाट पनि नहोस् ।

लोकतन्त्र भनेको कहिल्यै पनि पूर्ण हुँदैन । संविधान निर्मातामध्ये म पनि एक व्यक्ति हुँ । त्यतिबेलादेखि नै संविधानको कतिपय कुरा राम्रा छन्, कतिपय कुरा अपुग छन् भनेर ‘आधा गिलास भरिएको, आधा खाली’ छ भनेको थिएँ । संविधानमा नपुगेको कुरालाई पूर्णता दिँदै हिजोको शीतयुद्धकालीन अवस्थामा बनेको पूँजीवादी र साम्यवादी विचार युगसापेक्ष भएनन् ।

जनतालाई यथाशीघ्र प्रभावकारी सेवा दिने, सुशासन कायम गर्ने र समृद्धि चाहने हो भने अब नयाँ युगअनुसारको वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्नुपर्छ भन्ने अभियानमा हामी छौँ । यो लोकतन्त्रभित्रै रहेर गरिएका अभ्यास हुन् । तर यो लोकतन्त्रलाई नै उल्ट्याउने ढङ्गबाट केही प्रयत्न भएका छन् । त्यो शङ्कास्पद र रहस्यमय देख्छु । त्यसले कुनै समाधान गर्दैन । लोकतन्त्रलाई मासेर अलोकतान्त्रिक तरिकाले मुलुकमा विद्यमान समस्या समाधान कसरी हुन्छ ? यसबाट सुशासन, समृद्धि र शान्ति कायम हुन्छ ? भूराजनीतिक संवेदनशीलता हट्छ ? केही पनि हट्दैन । यस्ता विषयमा दलहरूका बीचमा गहन संवाद हुनुपर्‍यो ।

पुराना पार्टीका केही नेताहरूको अझै पनि कतिपय विषयमा अहम् देखिन्छ । तर त्यसलाई बहाना बनाएर अलोकतान्त्रिक अभ्यास गर्न मिल्दैन । त्यसैले हामी सबै संवदेनशील बनौँ । कुनै पनि बहानामा लोकतन्त्रलाई कमजोर पार्ने र पछाडि फर्काउने क्रियाकलापविरुद्ध सबै एक भएर उभिनुपर्छ भन्ने मेरो आग्रह हो ।

हामीले सुधारिएको संसदीय प्रणाली अपनाएका छौँ । प्रत्यक्ष र समानुपातिक निर्वाचनसम्बन्धी मिश्रित प्रणालीले अस्थिरता ल्याउँछ भन्ने पूर्वानुमान गरिएकै थियो ।

दुई पटकको चुनावले त्यो देखियो । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुकमा प्रत्यक्ष निर्वाचनले मात्रै वर्तमान समस्या हल गर्दैन । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली सङ्घमा र प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री प्रदेशमा हुने व्यवस्था गरियो भने पाँच वर्षसम्म कार्यकारी स्थिर हुन्छ । त्यो कार्यकारीले योग्य व्यक्तिमध्येबाट मन्त्री छनोट गरी सरकार चलाउँछ । यसोगर्दा सुशासनको राम्रो प्रत्याभूति हुन्छ । संसद् र प्रदेशसभा विधायिकी काम र सरकारलाई खबरदारी गर्न केन्द्रित हुन्छ । त्यसो हुँदा मात्रै देशमा स्थिरता र समावेशी, समानुपातिक र सुशासन कायम हुन्छ । त्यो बाटो उपयुक्त हो । त्यसका लागि सबै मिलेर संविधान संशोधन गरौँ ।

नेपाल संसारको सबभन्दा पुरानो मध्येको एउटा राज्य हो । यसको स्वाधीन र स्वतन्त्र अस्तित्वको ऐतिहासिक आधार छ ।

नेपाल बन्दैन, हुँदैन भनेर निराश हुनुपर्ने कुनै कारण छैन । हामीभन्दा कमजोर साधनस्रोत भएका देशहरू सम्पन्न बनेका छन् । लोकतान्त्रिककरणको प्रक्रिया अलि ढिला हुँदा हामी केही पछाडि परेका हौँ । बल्ल लोकतन्त्र आएको छ, यसलाई समृद्ध पार्दै देशमा बसेर नै यहाँ भएका साधनस्रोतको समूचित प्रयोग गरियो भने एक दशकभित्रै नेपाल विश्वका सम्पन्न मुलुक बन्न सक्छ ।

मेरो आग्रह के हो भने देशविदेश जानुस्, घुम्नुस्, आउनुस्, तर यो देशै बन्दैन भन्ने भाष्य निर्माण गर्नु उपयुक्त हुँदैन । देश बन्छ, बनाउनुपर्छ, त्यसका निम्ति हामी सबै मिलौँ । कमीकमजोरी हटाऔँ । दल र नेता राम्रा नभएमा लोकतान्त्रिक तरिकाले राम्रा दल र नेता छानौँ र देशलाई बनाऔँ ।रासस

# महिला अधिकारका सम्बन्धमा नेपाल अरू देशभन्दा अगाडि नै छः सभापति देउवा

पाटन । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले महिला अधिकारका सम्बन्धमा नेपाल अरू देशभन्दा अगाडि रहेको बताउनुभएको छ। ११५औँ अन्तरराष्ट्रियनारीदिवसकाअवसरमा नेपाली कांग्रेसको केन्द्रीय महिला विभागद्वारा शनिबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित ‘नेपाली महिलाहरूको आह्वानः समानता र सशक्तीकरणको अभियान’ विषयक छलफल कार्यक्रममा सभापति देउवाले नेपालमा अधिकारका माध्यमबाट महिलाहरूको उत्थान र अधिकार मात्रै हैन जिम्मेवारी दिने सवालमा पनि विश्वका अरू देशभन्दा अग्रगामी रहेको जिकिर गर्नुभयो । “हरेक पालिकामा मात्रै हैन राज्यको हरेक निकायमा प्रमुख र उपप्रमुखमध्ये एक महिला हुने व्यवस्था गरिएको छ । यहाँ महिलाहरूले देशकै नेतृत्व गरेको अवस्था छ, अन्य कुनै देशले नेपालले जति अधिकार दिएको छैन,” सभापति देउवाले भन्नुभयो,“अब थप अधिकार, समानता र सशक्तीकरणका पक्षमा सबै मिलेर नेतृत्वदायी भूमिकामा अग्रसर हुने विश्वास लिएको छु।”

पार्टी सहमहामन्त्री महालक्ष्मी उपाध्याय ‘डिना’ले बनाइएका कानुन कार्यान्वयन गर्दै राज्य र पार्टीका हरेक तहमा महिलाको निर्णायक सहभागिता सुनिश्चित गर्न लाग्नुपर्नेमा जोड




दिनुभयो । उहाँले क्षेत्रगत रूपमा विभाजन नभई समग्रतामा केन्द्रित भएर निर्णायक तहमा पुग्न ध्यान दिनुपर्ने बताउनुभयो । पार्टी सभापति देउवा प्रधानमन्त्री हुँदा महिला, दलित र सीमान्तकृत समुदायको हक अधिकार स्थापित गर्नका लागि उल्लेख्य काम भएको उहाँको भनाइ थियो ।

कांग्रेस कोषाध्यक्ष उमेश श्रेष्ठले पार्टीको टोल र वडा तह तथा सामाजिक क्षेत्रका हरेक ठाउँमा महिलाको सहभागितालाई जोड दिनुपर्ने बताउनुभयो । महिलालाई आयमूलक काममा सहभागी गराउँदै शिक्षा र स्वास्थ्यमा सशक्त भूमिकामा स्थापित गर्नुपर्ने धारणा राख्दै उहाँले पार्टीले त्यसका लागि थप भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अधिकार, समानता र सशक्तीकरणमा नेपालमा धेरै काम भए पनि अझै पर्याप्त नभएको बताउनुभयो । “महिलाका कतिपय अधिकार स्थापित भए पनि अझै तिनको उपयोग गर्न सकिएको छैन, हामीले आफूलाई सक्षम बनाउन सकेका छौँ कि छैनौँ भनेर पनि ध्यान दिनुपर्छ”, उहाँले भन्नुभयो,“म महिला हैन नेता भएकाले यो स्थानमा पुगेको छु, हरेक महिलाले आफूलाई पुरुषभन्दा कम नसोच्न मेरो आग्रह छ । समाज, समुदाय र देशमा अधिकार कसैले दिएर हुने कुरा हैन, आफूले पनि सशक्त भएर आउनुपर्छ ।”

कांग्रेसको सूचना तथा सञ्चार विभाग प्रमुख मीन विश्वकर्माले अन्तरराष्ट्रिय महिला दिवस मनाइरहँदा प्राप्त उपलब्धिको मूल्याङ्कन गर्दै थप अधिकारका लागि लाग्नुपर्नेमा जोड दिनुभयो । “नेपाली कांग्रेस स्थापना हुनुभन्दा अगाडि नै महिला सङ्घको स्थापना भएको थियो, अब महिलाहरूको हितमा प्राप्त भएको उपलब्धिका आधारमा सकारात्मक काम गर्दै परिवर्तनका लागि क्रियाशील हुनुपर्ने छ । भविष्यको कुरा देखाएर भावनामा बहकिएर महिला अधिकार, समानता र सशक्तीकरणमा काम हुन सक्दैन । यसर्थ यथार्थताको धरातलमा आधारित रहेर काम गर्नुपर्ने आवश्यकता छ”, उहाँको भनाइ थियो ।

कांग्रेस महिला विभाग प्रमुख एवं पार्टी केन्द्रीय सदस्य पुष्पा भुसालले महिला अधिकार र समानताका कुरा उठाउने मात्रै नभई कार्यान्वयनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले कांग्रेसले मजदुर र श्रमिकहरूको पक्षमा वकालत गर्दै नीतिगत तहमा आवश्यक व्यवस्थापनका लागि काम गर्नुपर्नेमा धारणा राख्नुभयो ।

“पितृसत्तात्मक सोचका कारण महिलाहरू हिंसामा परेको अवस्था छ । देशका ४२ वटा कानुन अझै पनि महिलामैत्री छैनन् । पचास प्रतिशतभन्दा बढी श्रम शक्ति महिलाहरूमा नै छ, त्यसैले अधिकार र समानताको मुद्दा महिलाहरुको मात्रै नभई पुरुषहरूको पनि हो । यसमा सबै एकताबद्ध भएर लाग्नुपर्छ”, भुसालले भन्नुभयो ।

प्रतिनिधिसभा सदस्य एवं कांग्रेस केन्द्रीय सदस्य ईश्वरी न्यौपानेले पार्टीले महिलाका पक्षमा गरेका काम उजागर गर्दै महिलामैत्री नीति निर्माण र समृद्धि हासिल गर्न क्रियाशील हुनुपर्ने धारणा राख्नुभयो । उहाँले सबैले कर्तव्य पालना गर्दै समानताको अधिकार खोज्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेशका सहमहामन्त्री जीवन डङ्गोल, नेपाल ट्रेड युनियन कांग्रेसका उपाध्यक्ष राधिका कुँइकेल, महिला सङ्घ ललितपुरकी सभापति एव ललितपुर महानगर पूर्वउपप्रमुख गीता सत्याललगायतले मन्तव्य राख्नुभएको थियो ।रासस

# सुशासन प्रवर्द्धन सरकारको पहिलो प्राथमिकतामाः सञ्चारमन्त्री गुरुङ




गण्डकी । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सुशासन प्रवर्द्धनसँगै सार्वजनिक सेवाको प्रभावकारिता सरकारको पहिलो प्राथमिकतामा रहेको बताउनुभएको छ ।

लायन्स इन्टरनेसनल डिष्ट्रिक ३२५ आईको तेस्रो राष्ट्रिय सम्मेलनको शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले सुशासन प्रवर्द्धन र सावर्जनिक सेवा प्रवाहको प्रभावकारिताका लागि सरकारले अध्यादेशमार्फत छवटा कानुन ल्याएको जानकारी दिनुभयो । भूमिसम्बन्धी अध्यादेश छलफलका क्रममा रहेको बताउँदै उहाँले अन्य अध्यादेश पारित भइसकेका उल्लेख गर्नुभयो ।

सेवा प्रवाहलाई छिटोछरितो बनाउन कतिपय कानुनहरू समस्याका रूपमा रहेका जनाउँदै मन्त्री गुरुङले ती समस्याको समाधानका लागि विभिन्न १२ वटा कानुन ल्याउने तयारीमा सरकार लागेको उल्लेख गर्नुभयो । कतिपय कामका सिलसिलामा विभिन्न मन्त्रालयमा समस्या रहेका पाइएको भन्दै उहाँले सम्बन्धित मन्त्रालयसँग समन्वय गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

सञ्चारमन्त्री गुरुङले २४० वर्षदेखिको सामन्तवादलाई अन्त्य गर्दै हामी लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरिसकेका जनाउँदै वर्तमान अवस्थामा राजकीय सत्ता एवं सार्वभौमसत्ता जनतामा निहित रहेको बताउनुभयो । हालको राजनीतिक प्रणालीलाई थप सुधार गर्दै अघि बढ्नु आवश्यक भएको उहाँको भनाइ छ ।

लायन्सका माध्यमबाट सामाजिक सेवाका क्षेत्रमा भएका कामको प्रशंसा व्यक्त गर्दै उहाँले नेतृत्व विकासमा पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । सामाजिक नेतृत्वबाट राजनीतिक नेतृत्व बन्न सक्ने बताउँदै मन्त्री गुरुङले समाजिक नेतृत्व बलियो नबन्दासम्म लोकतन्त्र तथा राज्य बलियो बन्न नसक्ने धारणा राख्नुभयो ।

लायन्स इन्टरनेसनल डिष्ट्रिक ३२५ आईका डिष्ट्रिक गभर्नर विनोद ढुङ्गानाले डिष्ट्रिकअन्तर्गतका लायन्स क्लबहरूले सामाजिक एवं मानवीय सेवाका क्षेत्रमा देखाएको क्रियाशीलता प्रशंसनीय भएको बताउनुभयो । उक्त अवसरमा लायन्सका गतिविधिमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो ।रासस

# “संविधान कार्यान्वयनको अवस्थाबारे समीक्षा गरौँ”

ललितपुर । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले संविधान कार्यान्वयनको अवस्थाबारे समीक्षा आवश्यक भइसकेको बताउनुभएको छ । राष्ट्रियसभाका सांसदसमेत रहनुभएका सिटौलाले संविधान संशोधनको बहस चर्चामा आइरहँदा संशोधन अघि समीक्षा आवश्यक पर्ने धारणा राख्नुभयो ।

संसदीय मामिला पत्रकार समाजद्वारा ‘सङ्घीयता सुदृढीकरण र समावेशी कानुन निर्माणमा राष्ट्रियसभाको भूमिका’ विषयक दुईदिने अन्तरक्रियाअन्तर्गत शुक्रबारको कार्यक्रममा नेता सिटौलाले सबै राजनीतिक दलबीच संशोधनका लागि साझा मुद्दा तयार गर्नुअघि अहिलेसम्म संविधान कार्यान्वयनको अवस्थाका विषयमा समीक्षा गर्नुपर्ने बताउनुभयो ।

“साझा नजरले हेर्दा पनि संशोधन आवश्यक भइसकेको छ । संशोधनका लागि साझा ‘एजेन्डा’ पनि तयार गर्न सकिन्छ । साझा एजेन्डा तयार गरेर संशोधन विधेयक प्रस्तुत गर्ने समयमा बहुमत (दुई तिहाइ) पुग्नुपर्छ । त्यो पुग्न पनि अहिलेसम्म संविधान कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा हुनु आवश्यक छ”, उहाँले भन्नुभयो, “संविधान संशोधन पार्टीका लागि हैन जनताका लागि हुनुपर्छ ।”

सबै राजनीतिक दलको सहमति र समन्वयमा समीक्षा गरी सोका आधारमा राज्य सञ्चालन प्रणालीमा देखिएका कमीकमजोरी सच्याउन सकिने सांसद सिटौलाले धारणा राख्नुभयो । साथै जहाँ संविधानले जनताको हितमा काम गर्न बाधा गरेको छ, त्यसलाई संशोधन गर्नुपर्ने उहाँको भनाइ छ ।

“संविधान कार्यान्वयन किन भएन, किन कानुन बनेन, संविधानअनुसार जनतालाई शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता मौलिक अधिकारको व्यवस्था गरेर किन प्रभावकारी कार्यान्वयन भएन । संवैधानिक आयोगहरूले के काम गरे, उनीहरूले दिएका सुझावहरू के कति कार्यान्वयन गर्न सक्यौँलगायत विषयमा मूल्याङ्कन हुनुपर्छ । समग्रमा संविधान कार्यान्वयको समीक्षा गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

पूर्वगृहमन्त्रीसमेत रहनुभएका सिटौलाले सङ्घीयता कार्यान्वयनमा पनि केन्द्रीकृत मानसिकता बाधक बनिरहेको बताउनुभयो । “प्रदेशले आफ्नो अधिकार कार्यान्वयन गर्न सकेन । कानुन निर्माणको अधिकार संविधानले परिभाषित गरेको छ । तर किन बनाउँदैन ? किनकि व्यवहारमा केन्द्रीकृत छ, मानसिकतामा केन्द्रीकृत छ”, उहाँले भन्नुभयो ।

उहाँले सांसदहरूले दलीय सीमा नाघ्न नसक्ने धारणा व्यक्त गर्नुभयो । सदन दलीयकरणको प्रभावबाट मुक्त हुने राजनीतिक परिस्थिति बनिनसकेको सांसद सिटौलाको भनाइ छ ।रासस

# रुस भन्दा युक्रेनसँग काम गर्न 'धेरै कठिन' : ट्रम्प



बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले किएभ-मस्कोबीच शान्ति स्थापनाका लागि मध्यस्थता गर्ने प्रयासमा युक्रेनसँग काम गर्न रुसभन्दा "बढी कठिनाइ" महसुस गरिरहेको बताएका छन्।शुक्रवार ह्वाइटहाउसमा पत्रकारहरूसँग कुरा गर्दै उनले अमेरिकाको "रुससँग राम्रो भइरहेको" र किएभसँग भन्दा मस्कोसँग काम गर्न "सहज हुनसक्ने" बताए। त्यसको केही घण्टाअघि ट्रम्पले युक्रेनसँग युद्ध विराम नहुँदासम्म रुसलाई ठूलो स्तरको प्रतिबन्ध र आयातमा शुल्क लगाउनेबारे आफूले "जोडदार रूपले विचार गरिरहेको" बताएका थिए।

यसैबीच गतरात डोनेत्स्क क्षेत्रको एक सहरमा भएका रुसी हमलामा कम्तीमा १४ जना मारिएको युक्रेनी अधिकारीहरूले बताएका छन्। त्यसैगरी अमेरिकाले भूउपग्रहबाट प्राप्त हुने केही तस्बिरहरूको पहुँचमा युक्रेनमाथि अस्थायी प्रतिबन्ध लगाएको छ। युक्रेनविरुद्ध सैन्य सहायता रोकेपछि ट्रम्पले त्यसो गरेको भूउपग्रह प्रविधिसम्बन्धी कम्पनी म्याक्सरले बीबीसी भेरिफाईलाई बताएको छ। दुई देशका राष्ट्रपतिहरूबीच ह्वाइटहाउसमा अभूतपूर्व रूपमा चर्काचर्की परेको ठिक एक सातापछि यस्तो विकास क्रम देखा परेको हो।

उक्त संवादका बेला ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई अमेरिकाप्रति "कृतघ्न" भएको आरोप लगाएका थिए।सार्वजनिक रूपमा भएको उक्त नोकभ्लोकपछि यस साता ट्रम्पले किएभलाई सबै खाले अमेरिकी सैन्य र गुप्तचर सहायता रोकिदिएका थिए। जसपछि बिहीवार राती रुसले युक्रेनी ऊर्जा पूर्वाधारमा ठूला आकारका क्षेप्यास्त्र र ड्रोन हमला गरेको छापहिल्यै भारी प्रतिबन्ध सामना गरिरहेको रुसका लागि थप प्रतिबन्ध लगाउने ट्रम्पको चेतावनी तिनै हमलाको जबाफमा आएको देखिन्छ।

ट्रम्पले यतिखेर रुसले युक्रेनी युद्ध भूमिमा पूर्ण रूपले हमला गरिरहेको भन्दै आफूले नयाँ आयात शुल्क लगाउनेबारे विचार गरिरहेको बताए।तर केही घण्टामै ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको ठाउँमा अरू जोसुकै भए पनि त्यही नै गर्ने बताए। "मलाई लाग्छ उनले उनीहरूलाई ृयुक्रेने पहिलेभन्दा जोडसँग हमला गरिरहेका छन्," ट्रम्पले भने।"र मलाई लाग्छ त्यस ओहदामा हुने जोकोहीले सम्भवतः त्यही नै गर्थ्यो।" डोनल्ड ट्रम्पले आफ्नो विश्वासमा पुटिनले युद्ध अन्त्य गर्न चाहेको तर युक्रेनका हकमा आफूले त्यसो भन्न नसक्ने बताए।

किएभलाई किन सहायता रोकियो भन्नेबारे सोधिएको प्रश्नमा ट्रम्पको जबाफ थियोः "उनीहरू ृयुक्रेने सबै कुरा मिलाउन चाहुन् भन्ने म चाहन्छु र तर उनीहरू मिलाउन चाहन्छन् भन्ने मलाई थाहा छैन।" ट्रम्पको पुटिनसँगको सिधा कूटनीतिले नेटो साझेदारहरूलाई आश्चर्यचकित पारेको छ। सन् २०२२ मा रुसले सुरु गरेको पूर्ण स्तरको अतिक्रमणपछि पश्चिमा विश्वले मस्कोसँग सम्पर्क टुटाएको थियो। जेलेन्स्की-ट्रम्प विवाद चुलिइरहँदा पछिल्ला दुई दिनमा उनको विदेश नीति तय गर्ने टोली भने युक्रेनप्रति बढी मेलमिलापपूर्ण सुनिएको छ। अमेरिकीहरू आफूहरूलाई मुख्य हिस्सा हुने गरी जेलेन्स्की खनिज सम्झौता गरून् भन्ने चाहन्छन् र उनी छिट्टै मस्कोसँग युद्ध विराम सम्झौता गर्न सहमत होउन् भन्ने चाहन्छन्।जेलेन्स्कीको जोडबल उक्त सम्झौताको हिस्साकै रूपमा किएभका लागि बलियो सुरक्षा सुनिश्चिततामा रहेको छ।

ट्रम्पले त्यस्तो सुरक्षा सुनिश्चितता पछि छलफल गर्न सकिने र त्यो "सजिलो काम" हुने बताउँछन्। यसैबीच अन्तरिक्ष प्रविधि कम्पनी म्याक्सरले शुक्रवार बीबीसी भेरिफाइलाई बताए अनुसार वासिङ्टनले अमेरिकी भूउपग्रहका केही उच्च गुणस्तरीय तस्बिरहरूमा प्रतिबन्ध लगाएको छ।विपक्षीका सूचना सङ्कलन गर्न सघाउने भएकाले त्यस्ता तस्बिरहरू युद्धका बेला महत्त्वपूर्ण अस्त्र मानिने गर्छन्।अमेरिकी कम्पनी म्याक्सारले सरकार र कम्पनीहरूलाई भूउपग्रहका तस्बिर उपलब्ध गराउनका लागि सम्झौता गरेको हुन्छ।

अर्को साता ट्रम्पका वरिष्ठ अधिकारीहरू साउदी अरब पुगेर जेलेन्स्कीको टोलीसँग भेट्दैछ जहाँ युक्रेनी राष्ट्रपतिमाथि ट्रम्पको मागमा सहमत हुन दबाब बढ्दो छायुक्रेनी राष्ट्रपतिले वार्ता "अर्थपूर्ण" हुने आशा व्यक्त गरेका छन्।शुक्रवार उनले आफ्नो देश "सक्दो चाँडो शान्तिको लागि तयार" रहेको र यसलाई प्राप्त गर्न "ठोस कदम" प्रस्ताव गरेको बताएका छन्।

# चलचित्रको कथाजस्तै नेपाली फुटबल कप्तान एन्जिला तुम्बापो सुब्बाको जीवन

बीबीसी।

काठमाण्डु । गोलकीपर एन्जिला तुम्बापो सुब्बा अहिले आफ्नो खेलजीवनको उत्कर्षमा छिन्। नेपाली राष्ट्रिय महिला टोलीकी कप्तानको भूमिकामा बाहेक उनी युरोपको एउटा व्यावसायिक क्लबबाट पनि खेल्छिन्।

व्यावसायिक खेलाडीको चाहना यस्तै त हुन्छ। त्यसमाथि महिला फुटबल खेलाडीले मन पराउने क्लब सशस्त्र प्रहरी बलको सदस्य र त्यसको जागिरेको रूपमा भविष्यको योजना पनि उनीसँग छानेपाली टोलीबाट गोलरक्षा गर्दा उनले दर्जनौँ कीर्तिमान पनि बनाएकी छन्। उनी कलाकार पनि हुन्। त्यो पनि आफ्नो जीवनीमा बनेको चलचित्रमा आफ्नो भूमिकामा आफैँ अभिनय गर्ने विश्वकै दुर्लभ कलाकार। यति धेरै उपलब्धि हासिल गरेर खेल्न नछोडेकी २८ वर्षीया सुब्बालाई कहिलेकाहीँ आफू "सपनाको यात्रामा" छु कि जस्तो लाग्छ। उनको जन्म पाँचथरको विकट फाक्तेब गाउँमा भएको हो। उनले यो यात्रा तय गर्न गरेको सङ्घर्षको कथा भने बेग्लै छ।



उनले विगत कहालीलाग्दो र कठिन थियो। उनले दुःखको पहाड छिचोलेकी छन्, आलोचनालाई पिएकी छन्। सङ्घर्षलाई दिनचर्या बनाउँदै उनी खारिएकी छन्। लाखौँ समर्थककी प्रिय बनेकी छन्। सानै छँदा उनको परिवारमा विखण्डन भयो। उनका अनुसार बुवाले दोस्रो बिहे गरेपछि उनको परिवारले अनेकौँ दुःख झेल्नुपर्‍यो। केही समयपछि आमाले पनि अर्को बिहे गरिन्। कर्मबुवाको सहारामा जीवन सहज बन्यो।

तर यी घटना र परिवेशमा हुर्किएकी उनी बनिन्, उनले खुलेर हाँस्न खोजिनन्। स्वभाव भने केही गर्ने अठोट लिएपछि पूरा गरेरै छोड्ने खालको बन्यो। दुःख, सङ्घर्ष गर्न अलिकति पनि नडराउने बानी पर्‍यो।

आज उनी देशको 'नम्बर वन' गोलकीपर बन्न यिनै स्वभावको प्रमुख सहायक बने। फुटबल खेलाडी र त्यसमा पनि गोलकीपर बन्नुमा भने अनौठो संयोग जोडिएको छ। पाँचथरबाट इलाम झरेकी एन्जिला सुब्बालाई फुटबल औधी मन पर्थ्यो। घरमा जति गाली खाए पनि फुटबल भने पछि उनी दौडिहाल्थिन्।

अठोट लिएपछि पछि नहट्ने उनको स्वभावले यहाँ काम गर्‍यो। एक पटक त भीरमा बल लिन जाँदा हातै भाँच्चिएको थियो।पूर्वमा फुटबलको परिवेश राम्रो थियो। उनको प्रतिभा निखारिँदै आयो। उनी मैदानमा जुनसुकै 'पोजिसन'बाट खेल्न सक्थिन्।

पाँचथरमा हुने एउटा प्रतियोगिताका लागि एन्जिला पान्दमको टीममा अग्रपङ्क्तिबाट खेल्न छनोट भइन्। तर टोलीकी गोलकीपर अन्तिम समयमा खेल्न नआएपछि उनलाई गोलपोस्ट सम्हाल्नुपर्ने बाध्यता आइलाग्यो ।

उनलाई गोलकीपर बन्न पटक्कै मन थिएन। तर खेलमा उनले यति राम्रो बचाउ गरिन् कि उनको टोलीले प्रतियोगिता नै जित्यो। त्यसपछि साथीहरूले उनलाई गोलकीपर नै बन्न सुझाव दिए।बिनायोजना र अनिच्छापूर्वक उनी गोलकीपर बनेकी थिइन्। छैटौँ राष्ट्रिय खेलकुदका लागि पान्दमको टोलीले जिल्लाबाट छनोट भयो।त्यहाँ पनि प्रभावशाली खेल देखाएपछि उनी पूर्वाञ्चलको टोलीबाट राष्ट्रिय खेलकुदका लागि दोस्रो रोजाइको गोलकीपर छानिइन्।

फेरि अर्को संयोग जुर्‍यो। राष्ट्रिय प्रतियोगिता खेल्न धनगढी पुग्दा पहिलो रोजाइकी गोलकीपर परीक्षाको कारण भन्दै खेल्न नआएपछि उनले पूर्वाञ्चलबाट खेल्न पाइन्।अनि १३ वर्षकी एक फुच्ची केटीले राष्ट्रिय खेलमा देखाएको प्रभावशाली प्रदर्शन विभागीय टोली सशस्त्र प्रहरी बल एपीएफको व्यवस्थापक प्रेम श्रेष्ठको आँखामा पर्‍यो।यहाँबाट उनको फुटबल जीवनले नयाँ मोड लिएको हो। मोरङ फुटबल सङ्घका तात्कालिक अध्यक्ष दीपेन्द्र धिमालले पढाइ र बसोबासको व्यवस्था मिले मात्र काठमाण्डू पठाउने भनेपछि सशस्त्रका तात्कालिक डीएसपी प्रेम श्रेष्ठले त्यो जिम्मा लिएका हुन्।

बोर्डिङ स्कूलको पढाइ र त्यहीँ होस्टलमा बसोबासको प्रबन्ध मिलेपछि सानी एन्जिला एपीएफमा करारको जागिरमा फुटबल खेल्न पुगिन्।नयाँ ठाउँ, होस्टलको जीवन। त्यसै पनि कम बोल्ने स्वभावकी उनलाई काठमाण्डू त्यति सहज थिएन। कहिलेकाहीँ बस चढ्ने पैसा नभएर होस्टलबाट हिँडेरै एपीएफ पुग्ने गरेको उनी सम्झिन्छिन्। उनको मेहनत एपीएफमा सबैले मन पराए। अनि त्यहाँ एपीएफका गोलकीपिङ प्रशिक्षक चन्दन सरदारले सुब्बाको सीपलाई तिखारिदिने काम गरे।

त्यति बेला एपीएफका लागि गोलकिपरमा चन्द्रादेवी दाहाल पहिलो रोजाइमा पर्थिन्। उनी राष्ट्रिय टोलीकी गोलकीपर पनि थिइन्। एपीएफमा पहिलो रोजाइमा पर्न सुब्बाले दुई वर्षजति कुर्नुपर्‍यो। एपीएफ छिरेपछि उनी सन् २०१४ मा श्रीलङ्कामा आयोजना हुने एएफसी यू-१४ क्षेत्रीय प्रतियोगिताका लागि युवा टोलीमा छनोट परिन्। त्यहाँ कप्तानी गर्दै उनले नेपाललाई उपाधि जिताइन्। यो नेपाली महिलाको पहिलो आधिकारिक उपाधि थियो।

त्यहाँ नेपालले कुनै गोल नखाई २० गोल गरेको थियो। भारत नेपालसँग पराजित भयो, पेनाल्टी रोकेर उनले चर्चा बटुलिन्। सोही वर्ष साफ च्याम्पिअन्शिपका लागि राष्ट्रिय टोलीमा प्रवेश पाए पनि खेल्न भने पाइनन्।

सन् २०१६ को पाकिस्तानमा भएको १२ औँ सागमा श्रीलङ्का विरुद्धको खेलबाट उनले राष्ट्रिय टोलीबाट पहिलो पटक खेलेकी हुन्। त्यसयता उनी टोलीमा नियमित गोलकीपर छिन्। उनले चारवटा साफ च्याम्पिअन्शिप, दुइटा साग र एक पटक एशियन कप छनोटसहित एक दर्जनभन्दा बढी अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकिन्।

एघार वर्षको यो लामो यात्रामा उनले राष्ट्रिय टोलीबाट सर्वाधिक ५७ खेल खेल्ने खेलाडीको कीर्तिमान बनाएकी छन्। उनले दुई वर्षअघि साफदेखि राष्ट्रिय टोलीको नेतृत्व गर्न थालेकी हुन्। उनको कप्तानीमा नेपालले चारवटा अन्तर्राष्ट्रिय फाइनल खेलिसकेको छ। सन् २०१९ मा उनी पाकिस्तान लीगका लागि अनुबन्धित भइन्। उनी मासा यूनाइटेडकी कप्तान पनि बनिन् ।

यद्यपि राजनीतिक समस्याका कारण उक्त लीग पूरा नहुँदै उनी नेपाल फर्किनुपर्‍यो।

त्यसपछि भारतीय महिला लीग आईडब्ल्यूएलमा उनले २ सीजन सेथु एफसीबाट खेलिन्। उनले त्यहाँ पनि कप्तानको भूमिका निर्वाह गर्नुपरेको थियो।अहिले उनी ग्रीसको शीर्ष डिभिजनको क्लब निस एट्रोमिटौमा आबद्ध भएकी छन् । सावित्रा भण्डारी 'साम्बा'पछि युरोपमा पुगेर खेल्ने उनी दोस्रो नेपाली महिला खेलाडी हुन्। जर्सी नम्बर १६ लगाएर खेल्ने एन्जिलाको 'एटीएस १६' को नाममा थुप्रै 'ब्र्यान्ड' स्थापित भए।गोर्खा वाच कम्पनीले उनको नाममा 'एटीएस १६' घडी बनाएको छ।

क्लोथिङ कम्पनी ली निङले उनको नामको जर्सी उत्पादन गर्‍यो। त्यसको बिक्रीको मुनाफा एन्जिला तुम्बा सुब्बाका लागि छुट्याइएको थियो।सोह्र पटक सगरमाथा चढेका फुर्बा तेन्जिङ शेर्पाले उनको 'एटीएस १६' जर्सी सगरमाथाको चुचुरोमा नै पुर्‍याएका थिए। एन्जिला तुम्बा सुब्बाको अन्तर्मुखी स्वभावसँग अभिनय कतै मेल नखानुपर्ने हो। अभिनय गर्ने न त चाहना नै थियो। तर अनौठो के भयो भने उनले आफ्नै वायोपिक चलचित्र 'अन्जिला' मा अभिनय गरिन्। विश्वमा आफ्नो जीवनीमा आफैँले अभिनय गर्ने पात्र दुर्लभ मात्र भेटिन्छन्। बक्सर मोहम्मद अलिले आफ्नै जीवनकथामा आफैँ अभिनय गरेका थिए।

फुटबलमा अभिभावकत्व प्रदान गर्ने प्रेम श्रेष्ठले निर्माण गर्न लागेकोले सो प्रस्ताव उनले नाइँ भन्न सकिनन्। "अनुभव अनौठो भयो। जीवन भनेकै आफैँमा नाटकै हो कि जस्तो पनि लाग्यो," उनले बीबीसीसँग भनिन्।तर यसबाट आफ्नो स्वभावमा धेरै परिवर्तन भएको महसुस गरेको उनी बताउँछिन्। लजालु एन्जिला अहिले खुलेको देखिन्छिन्, सञ्चारकर्मीसँग बोल्दा धक मान्दिनन्।चलचित्रमा उनी भन्छिन्, "जबसम्म म आफैँ लड्दिनँ तबसम्म मेरो सहारा कोही हुँदैन।" एन्जिला तुम्बा सुब्बासँग एउटा विशेष योजना छ। स्नातक तह पढ्दै गरेकी उनी पढाइ सकिएपछि सशस्त्र प्रहरी बलमा निरीक्षक बन्न चाहन्छिन्।

'अन्जिला' चलचित्रको मुनाफाबाट निर्माता प्रेम श्रेष्ठले उनका लागि घर बनाइदिने घोषणा गरिसकेका छन्।वर्षौँ सम्पर्कविहीन बुवासँग चलचित्र बनाउने बेला उनको भेट भएको थियो। भोलि पैसा कमाउन सके बुवालाई किनिदिने आफ्नो इच्छा भएको उनी बताउँछिन्।उनको अर्को चाहना फुटबल अक्याडमी खोल्नु हो। " मजस्तै दुःखमा हुर्केका खेलाडीहरूलाई शिक्षा र फुटबल खेलाउन अक्याडमी खोल्न चाहन्छु।"उनी आफ्नी आमालाई देश र विदेश घुमाउन पनि चाहन्छिन्। "पर्दामा देखिने त एउटा अंश मात्रै हो, जीवनमा अझै धेरै गर्न बाँकी नै छ।"

# पाकिस्तानद्वारा अफगानी नागरिकलाई मार्च ३१ सम्ममा देश छोड्न आग्रह



एएनआई

इस्लामाबाद। पाकिस्तान सरकारले पाकिस्तानमा बसोबास गर्ने अफगानी नागरिकहरूलाई मार्च ३१ सम्ममा देश छोड्न आग्रह गरेको छ।

एआरवाई न्यूजका अनुसार पाकिस्तानको आन्तरिक मन्त्रालयले अफगान सिटिजन कार्ड (एसीसी) धारकहरूलाई देश छोड्न आग्रह गर्‍यो, अन्यथा उनीहरूलाई अप्रिल १ देखि देश निकाला गरिने मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ।

> रिपोर्टका अनुसार पत्रमा महिला, बालबालिका र वैध भिसा भएका अफगान आप्रवासीहरुले जबरजस्ती निष्कासन, हिरासत र उच्च भिसा शुल्कको सामना गरिरहेको पनि उल्लेख गरिएको छ ।

यसअघि, पाकिस्तानले अफगानहरूलाई देश छोड्ने योजना बनाएको रिपोर्टहरू बाहिर आएका थिए, तर आन्तरिक मन्त्रालयले आधिकारिक रूपमा पुष्टि गरेको यो पहिलो पटक हो ।"अवैध विदेशी स्वदेश फिर्ता कार्यक्रम (आइएफआरएफ) नोभेम्बर १, २०२३ देखि लागू भएको छ ।"सबै अवैध विदेशी र एसीसी धारकहरूलाई ३१ मार्च, २०२५ अघि स्वेच्छाले देश छोड्न सल्लाह दिइन्छ । त्यसपछि, अप्रिल १, सन् २०२५ बाट निर्वासन सुरु हुनेछ," विज्ञप्तिमा भनिएको छ ।मन्त्रालयले अफगान नागरिकहरूलाई देश छोड्न पर्याप्त समय दिएको बताएको छ । "स्वदेश फिर्ताको क्रममा कसैलाई पनि दुर्व्यवहार नगर्नेमा जोड दिइएको छ । उनीहरूका लागि खाना र स्वास्थ्य सेवाको पनि व्यवस्था गरिएको छ ।"

"पाकिस्तान एक जिम्मेवार देशको रूपमा आफ्नो प्रतिबद्धता र दायित्वहरू पूरा गरिरहेको छ । पाकिस्तानमा बस्ने व्यक्तिहरूले सबै कानूनी औपचारिकता पूरा गर्नुपर्ने र पाकिस्तानको संविधानको पालना गर्नुपर्छ ।"यसअघि, मानवअधिकार सङ्गठन र शरणार्थी वकालत गर्ने समूहहरूको गठबन्धनले अफगान आप्रवासीहरूलाई जबरजस्ती निष्कासन रोक्न पाकिस्तान सरकारलाई आग्रह गरेको थियो ।एउटा खुला पत्रमा समूहहरूले मानवअधिकार रक्षक सहित धेरै अफगान शरणार्थीहरू हिंसा, उत्पीडन र उत्पीडनको कारण आफ्नो मातृभूमि छोडेर भागेको कुरामा जोड दिए ।

रिपोर्टका अनुसार पत्रमा महिला, बालबालिका र वैध भिसा भएका अफगान आप्रवासीहरूले जबरजस्ती निष्कासन, हिरासत र उच्च भिसा शुल्कको सामना गरिरहेको पनि उल्लेख गरिएको छ ।विशेष गरी तालिबान जस्ता समूहहरूको उदय पछि हालैका वर्षहरूमा, पाकिस्तानी सरकारले अफगान शरणार्थीहरूको लामो समयसम्म बसाइलाई सुरक्षा खतराको रूपमा हेर्न थालेको छ ।हालै, पाकिस्तानले अवैध बसोबास र सुरक्षा जोखिमलाई उद्धृत गर्दै निष्कासन सुरु गरेको छ । यी निष्कासनहरूले मानव अधिकार, क्षेत्रीय स्थिरता र अफगान छिमेकीहरूप्रति पाकिस्तानको जिम्मेवारीमाथि बहस सुरु गरेको छ ।

# प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको तयारी पूरा

भैरहवा । पहिलो पटक प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताका सम्पूर्ण खेल उपत्यका बाहिर लुम्बिनी प्रदेशमा हुने भएपछि यहाँको क्रिकेट प्रेमीमा उत्साह छाएको छ ।

प्रधानमन्त्री कपका सम्पूर्ण खेल अहिले लुम्बिनी प्रदेशका तीन वटा खेल मैदानमा हुने भएको छ । यसको लागि तीन वटै खेलमैदानसँगै प्रतियोगिताको सबै तयारी पूरा भएको छ ।

लुम्बिनी प्रदेश क्रिकेट सङ्घको व्यवस्थापनमा हुने प्रतियोगिता आइतबारबाट सुरु हुँदैछ । प्रतियोगिताअन्तर्गत यसपटक ४६ खेल खेलाइने छ । यी सबै खेल रुपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रङ्गशाला, तिलोत्तमामा रहेको एकस्ट्राटेक ओभल क्रिकेट रङ्गशाला र दाङको लमहीमा रहेको देउखुरी अन्तरराष्ट्रिय रङ्गशालामा आयोजना हुँदैछ ।

लुम्बिनी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सञ्जय गुरुङका अनुसार यी सबै रङ्गशालामा प्रतियोगिता सञ्चालनका लागि आवश्यक सबै तयारी पूरा भइसकेको छ । प्रतियोगितामा सात वटै प्रदेशका टोली र नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको विभागीय टोलीसहित १० टोलीले सहभागिता जनाउँदै छन् ।

यी सबै टोलीले एक अर्कासँग खेल्नुपर्नेछ । गुरुङका अनुसार सबै रङ्गशालामा सबै टोलीले खेल्ने गरी प्रतियोगिताको तालिका मिलाइएको छ ।

यसअनुसार रुपन्देहीको सिद्धार्थ क्रिकेट रङ्गशालामा उद्घाटन र फाइनल खेल गरी सम्मा १७ खेल हुनेछन् । एक्स्ट्राटेक ओभलमा



१५ र लमहीको देउखुरी रङ्गशालामा १४ खेल हुनेछन् । गुरुङले प्रधानमन्त्री कप लुम्बिनीमा हुनुले यस क्षेत्रको क्रिकेटसँगै होटल तथा पर्यटन व्यवसाय चलायमान हुने बताउनुभयो ।

"हामी एकदमै उत्साहित छौँ र नेपाल क्रिकेट सङ्घप्रति आभारी छौँ, किनभने पहिलो पटक प्रधानमन्त्री कपका सम्पूर्ण खेल उपत्यका बाहिर हुँदैछन्", उहाँले भन्नुभयो, "नेपाल क्रिकेट सङ्घ(क्यान)ले क्रिकेटलाई देशको सम्पूर्ण भागमा पुर्‍याउनुपर्ने उद्देश्यसहित यो निर्णय स्वागत योग्य छ ।"

> प्रतियोगिताका लागि भैरहवाको सिद्धार्थ क्रिकेट रङ्गशालामा पिच मर्मतदेखि पेभेलियन व्यवस्थापन एवं अन्य सबै तयारी पूरा भएको रुपन्देही क्रिकेट सङ्का अध्यक्ष हरिबहादुर थापाले जानकारी दिनुभयो ।

प्रतियोगिताका लागि भैरहवाको सिद्धार्थ क्रिकेट रङ्गशालामा पिच मर्मतदेखि पेभेलियन व्यवस्थापन एवं अन्य सबै तयारी पूरा भएको रुपन्देही क्रिकेट सङ्घका अध्यक्ष हरिबहादुर थापाले जानकारी दिनुभयो । उहाँले सात दिन अगावैबाट मैदानमा हुने अन्य सबै खेल स्थगित गरी प्रतियोगिताको तयारी गरिएको बताउनुभयो ।

गत वर्ष प्रधानमन्त्री कपअन्तर्गत ११ वटा खेल सिद्धार्थ रङ्गशालामा भएका थिए । यसले नेपाल क्रिकेट सङ्घको विश्वास जित्न ठूलो सहयोग गरेको र त्यसैको फलस्वरुप प्रतियोगिताका अहिले सबै खेलहरु लुम्बिनी प्रदेशमा आउन सफल भएको उहाँको भनाइ छ ।

यसैगरी तिलोत्तमामा रहेको एक्स्ट्राटेक ओभल क्रिकेट रङ्गशालाको पनि सम्पूर्ण तयारी पूरा भएको रङ्गशालाका प्रबन्ध निर्देशक विनोद कुँवरले जानकारी दिनुभयो। नेपालमै पहिलो पटक निजी क्षेत्रबाट 'फ्लड लाइट' सहितको क्रिकेट रङ्गशालाको स्थापना गर्नुभएका कुँवरले प्रतियोगिताले लुम्बिनी प्रदेशको क्रिकेटमा रहेको क्षमता देखाउने अवसर मिलेको बताउनुभयो । तीन वटा पिच, फ्लड लाइट, शौचालय, चेन्जिङ रुम पेभेलियनलगायत सबै तयार रहेको उहाँले जानकारी दिनुभयो ।

यसअघि काठमाडौँमा दुई वटा मात्र खेलमैदान भएका कारण राउण्ड रोबिनका आधारमा प्रतियोगिता आयोजना गर्न नेपाल क्रिकेट सङ्घलाई अप्ठ्यारो हुँदै आएको थियो । यसले गर्दा प्रतियोगितालाई काठमाडौँबाट बाहिर लैजाने वातावरण बनेको नेपाल क्रिकेट सङ्घका उपाध्यक्ष रोशन सिंहले बताउनुभयो ।

"पिचलगायत सबै दृष्टिले लुम्बिनी प्रदेशका तीन वटै खेलमैदान उत्कृष्ट भएका कारण क्यानले यहाँ प्रतियोगिताको आयोजना गर्ने निर्णय गरेको हो", सिंहले भन्नुभयो, "यसले भोलिका दिनमा 'ए' ग्रेडका खेलाडीको छनोटका लागि यहाँको भूमिका महत्वपूर्ण हुनेछ ।"

काठमाडौँ बाहिर क्रिकेटको माहौल बनाउन र काठमाडौँ बाहिर क्यानले क्रिकेट गराउन सक्छ भन्ने अन्तरराष्ट्रिय सन्देश दिन प्रतियोगितालाई पहिलो पटक बाहिर लगिएको सिंहले जानकारी दिनुभयो । उहाँले पिच निर्माणका लागि क्यानले नै काठमाडौँबाट जनशक्ति खटाएको बताउनुभयो । आइतबारबाट सुरु हुने क्रिकेट प्रतियोगिताको फाइनल खेल आगामी चैत १६ गते भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा आयोजना हुनेछ ।रासस

# मकवानपुरमा नयाँ उद्योग दर्ता घट्दो, बन्द हुने क्रम बढ्दो



बागमती । मकवानपुरमा पछिल्लो तीन वर्षयता बर्सेनि उद्योग एवं व्यापारिक फर्म हुने क्रम बढ्दो छ ।

आर्थिकमन्दीका कारण आर्थिक वर्ष २०७८/७९ यता मकवानपुरमा निरन्तर उद्योग एवं व्यापारिक फर्म बन्द हुने क्रम बढ्दै गएको हो । चालु आव २०८१/८२ को सात महिनाको अवधिमा उद्योग र वाणिज्यतर्फका तीन सय छ वटा व्यापार बन्द भएका छन् ।

उद्योग तथा वाणिज्य कार्यायल मकवानपुरका अनुसार आव २०८१/८२ मा उद्योगतर्फ एक सय २७ र वाणिज्यतर्फका एक सय ७९ उद्योग व्यापारको लगतकट्टा गराएका छन् । अघिल्लो आव २०८०/८१ मा उद्योगतर्फ दुई सय ६८ र वाणिज्यतर्फका तीन सय ३६ गरी छ सय चार उद्योग व्यापार बन्द भएको थियो । यस्तै आव २०७९/८० मा मकवानपुरमा उद्योगतर्फ एक सय १० र वाणिज्यतर्फ एक सय ७३ गरी दुई सय ८३ उद्योग व्यापारको लगतकट्टा गरिएको थियो भने आव २०७८/७९ मा उद्योगतर्फ एक सय १८ र वाणिज्यतर्फ ७२ गरी एक सय ९० उद्योग व्यापारको लगतकट्टा गरिएको उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसालले जानकारी दिनुभयो ।

विश्वव्यापी रूपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभाव, युवाहरू वैदेशिक रोजगारीका लागि विदेशिने क्रम बढ्नु र स्थानीय तहमा पनि उद्योग दर्ता गराउनुपर्नेलगायतका कारणले उद्योग तथा वाणिज्यतर्फका उद्योग व्यापारको लगतकट्टा हुने सङ्ख्या बढ्केको कार्यालय प्रमुख भुसालले बताउनुभयो ।

प्रमुख भुसालका अनुसार मकवानपुरमा बर्सेनि उद्योग व्यवसायको लगतकट्टा बढ्दै जाँदा नयाँ उद्योग व्यवसाय दर्ता भने घट्दै गएको छ । चालु आव २०८१/८२ को सात महिनामा नयाँ उद्योग र वाणिज्यतर्फ चार सय ३० नयाँ व्यवसायी दर्ता भएको छ । चालु आवमा उद्योगतर्फ दुई सय ५७ र वाणिज्यतर्फ एक सय ७३ गरी चार सय ३० नयाँ उद्योग व्यापार दर्ता भएको कार्यालय प्रमुख भुसालले बताउनुभयो ।

जबकी अघिल्लो आव २०८०/८१ मा उद्योगतर्फ तीन सय ६६ र वाणिज्यतर्फ तीन सय ३५ गरी सात सय एक नयाँ उद्योग व्यापार दर्ता भएको थियो । आव २०७९/८९ मा उद्योगतर्फ पाँच सय ७९ र वाणिज्यतर्फ चार सय ३० गरी एक हजार दुई सय ५२ उद्योग व्यापार दर्ता भएको थियो ।

चालु आव २०८१/८२ को सात महिनाको अवधिमा नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरण, लगतकट्टालगायतका शीर्षकबाट रू एक करोड ७० लाख ३२ हजार आठ सय पाँच राजस्व सङ्कलन भएको प्रमुख भुसालले बताउनुभयो ।

लामो समयदेखिको आर्थिकमन्दीका कारण हेटौँडामा सटरको भाडा तिर्न नसक्दा व्यापारी सम्पर्कविहीन हुने क्रम समेत बढ्दै गएका छन् । यसरी सम्पर्कविहीन हुनेमा धेरैजसो सहकारी, स्कुल, सुन पसल, किराना पसल, टेलरिङ, मदिरा पसललगायत चलाएर व्यापार व्यवसाय गर्ने रहेका छन् ।रासस

# मौरीपालन व्यवसायको नयाँ अभ्यास

रामपुर । घरका भित्ता, बार्दली, आँगनका डिल वा बारीका छेउछाउ, बगैँचा वरपर मौरीका घार राखिएका हुन्छन् । यसरी नै गाउँघरमा मौरीपालन गरिन्छ । घरका आँगन वरपर, बार्दली, पिँढी तथा भित्तामा पनि मौरीपालन गरेर किसानले राम्रै लाभ लिएका छन् । यी त आमनागरिकलाई देखेका, भोगेका र जानेका कुरा हुन् ।

कार्यालयमा मौरीपालन व्यवसाय थालनी भने कतै भएको सुनिँदैन । पाल्पाको एक सरकारी कार्यालयले मौरीपालन अभ्यास सुरू गरेको छ । यहाँको बगनासकाली गाउँपालिकाको वडा नं १ को कार्यालय चिर्तुङ्धारामा व्यावसायिक तवरबाट मौरीपालन थालनी भएको छ । वडा कार्यालयको परिसरमा लहरै मौरीका घार राखिएका छन् । कार्यालयमा पुग्ने सेवाग्राही तथा सर्वसाधारण एवं जोकोहीलाई पनि मौरीफार्ममा पुगेको अनुभुती हुन्छ । कार्यालय परिसरमा लहरै राखिएका मौरीका घारले सेवाग्राही तथा यहाँ पुग्ने जोसुकैले मौरीपालनसम्बन्धी केही न केही नयाँ ज्ञानार्जन लिने गरेका छन् ।

कार्यालयमा मौरीपालन देखेपछि नागरिकले मौरीपालनसम्बन्धी चासो दिएर जानकारी लिने गरेको कृषि प्राविधिक खिमराज कोइराला बताउनुहुन्छ । सानो लगानीमा घरमा दुई चार घार राखेर व्यवसाय अगाडि बढाउन सकिने, धेरै मेहनत गर्न नपर्ने हुँदा किसानलाई व्यवसायउन्मुख बनाउनका लागि वडा कार्यालयबाटै मौरीपालन व्यवसाय सञ्चालन गरिएको प्राविधिक कोइरालाले जानकारी दिनुभयो ।

"किसानमात्र नभएर आमगरिकमा एउटा सकारात्मक सन्देश प्रवाह गरेको छ, वडा कार्यालयमा आउने सेवाग्राहीले मौरीपालन गर्ने तरिका, लागत, उत्पादन, बजारीकरणसम्बन्धी जानकारी लिने गर्नुहुन्छ", उहाँले भन्नुभयो, "हामीले पनि यहाँ आउनेलाई मौरीपालनसम्बन्धी जानकारी दिने गरिरहेका छौँ, कार्यालयमा काम सम्पन्न नहुँदासम्म मौरीपालनको तरिका सिक्न सेवाग्राही इच्छुक हुने गर्नुभएको छ ।"



वडा कार्यालयको काममा पालो पर्खेर बस्ने समय अहिले मौरीपालनबारे जानकारी लिन सेवाग्राही सक्रिय भएका छन् । कार्यालयमा नयाँ कुराको थालनी भएकाले पनि यस बारेमा धेरैको चासो बढेको छ । वडा कार्यालयको लगानीमा दशवटा आधुनिक घारमा मौरीपालन सुरू गरिएको वडाध्यक्ष शेरबहादुर चिदी बताउनुहुन्छ । नयाँ अभ्यास भएकाले यसबाट किसानले केही सिकेर घरमा व्यवसाय गर्न उर्जा मिलोस् भनेर सुरू गरेको वडाध्यक्ष चिदीले बताउनुभयो ।

"कार्यालयमा सेवा लिन आउने किसान तथा सेवाग्राहीलाई मध्यनजर गर्दै मौरीपालन सम्बन्धमा जनचेतना जगाउन यो नयाँ अभ्यासको थालनी गरेका छौँ", वडाध्यक्ष चिदीले भन्नुभयो, "कृषिमा नागरिकको आकर्षण बढाउन र व्यावसायिक ढङ्गबाट व्यवसाय गर्न उत्प्रेरणा जगाउन कार्यालयले मौरीपालन सुरू गरेको हो, यस व्यवसाय थालनी भएपछि सबैतिरबाट सकारात्मक प्रतिक्रिया पाएको छु ।"

सेवाग्राहीलाई वडा कार्यालयमा पनि मौरीपालन छ भन्ने अनुभूति गराउँदै घरघरमा मौरीपालनमा लाग्न प्रेरणा प्रदान गर्नका लागि कार्यालयमा व्यावसायिक ढङ्गबाट मौरीपालन गरिएको छ । कार्यालय क्षेत्रमा सेरेना मौरीपालन कार्यक्रमअन्तर्गत मौरीपालनलाई जोड दिदै नयाँ कार्यको अभ्यास भएको छ । वडामा उत्कृष्ट किसानलाई मौरीपालनका लागि वडा कार्यालयबाट गोलासहितको घार वितरण गर्ने वडाको योजना छ ।

अहिले कार्यालयमा मौरीपालनको परीक्षणकाल भएकाले व्यवसाय राम्रो हुँदै गएमा थप गर्दै जाने वडाले जनाएको छ । यो कार्य सम्भवतः नेपालमै नयाँ कार्यको सुरूवात हो । वडा कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को रू ९० हजार बजेटबाट काम सुरू गरेको छ । व्यवसाय गर्न चाहने हो भने सानो रकमले पनि सञ्चालन गर्न सकिन्छ भन्ने यस वडाले उदाहरण प्रस्तुत गरेको छ ।

सिद्धार्थ राजमार्गसँग जोडिएकाले पनि मौरीको अध्ययन अवलोकन भ्रमणका लागि देशका पूर्वदेखि पश्चिमसम्मका किसान बगनासकाली आउने गरेको कृषि शाखा प्रमुख किशोरकुमार खत्रीले बताउनुभयो । "मौरीपालनबाट यहाँका किसानले राम्रो आयआर्जन गर्न सफल बनेका छन्, हामीले मौरीपालनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौँ, सडकमार्ग जोडिएकाले पनि यो क्षेत्र बजारीकरणका लागि सहज छ", उहाँले भन्नुभयो ।

पाल्पा जिल्लामै बगनासकाली गाउँपालिका मौरीपालनको सम्भावना बोकेको क्षेत्र हो । यहाँबाट अन्य जिल्लामा गोलासहितको मौरीघार पठाइन्छ । गाउँपालिकामा एक दर्जनभन्दा बढी किसान व्यावसायिक मौरीपालनमा आबद्ध छन् । यहाँका किसानले मह उत्पादनभन्दा गोला बिक्रीमा जोड दिएका छन् । गोलासहित रू आठ हजार पाँच सयमा मौरीघार बिक्री भइरहेको छ । एक दुई घारदेखि धेरैमा एक हजार तीन सय घारसम्म मौरीपालन गर्ने गरेको पाइन्छ ।

किसानले स-सानो लगानीमा थोरै-थोरै मौरीपालन गरेर मह उत्पादन तथा गोलासहित घार बिक्रीबाट आयस्रोत लिने गरेका छन् । मध्यपहाडी क्षेत्रमा सेरेना जातको मौरीपालनको सम्भाव्यता भएको हुँदा पाल्पा जिल्लाको बगनासकाली गाउँपालिकाभित्र व्यावसायिक रूपमा मौरीपालन भइरहेको छ । व्यावसायिक किसानले महमा भन्दा पनि गोला बिक्रीमा जोड दिएका छन् । तोरी, तोरीका फूल, जङ्गली बोट बिरूवाबाट पुष्प सङ्कलन गरेर मौरीले आहार व्यवस्थापन गरिरहेको छ ।रासस

# व्यावसायिक कागती खेतीमा रमाउँदै किसान



डुम्रे । समाजसेवा र राजनीतिसँगै व्यावसायिक कृषि कर्ममा पनि सफल हुनुभएको छ तनहुँको शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित । व्यावसाय र राजनितिक क्षेत्रमा सफल मानिने नगर प्रमुख पण्डित व्यावसायिक कृषि कर्ममा लाग्नुभएको छ ।

उहाँले म्याग्दे गाउँपालिका-४ मा १० रोपनीभन्दा बढी क्षेत्रफल जमिनमा कागती खेती गरिरहनुभएको छ । चाहना र समय व्यवस्थापन गर्न सके हरेक क्षेत्रबाट उत्पादन तथा आम्दानी लिन सकिने उहाँको बुझाई छ । उहाँ हरेक बिहान कागती गोडमेल र रेखदेखका लागि केही समय छुट्याएर बारीमा पुग्ने गर्नुहुन्छ । स्वास्थ्यका लागि समेत बिहान सबैरै उठेर बिरुवाको गोडमेल गर्न उपयुक्त हुने उहा बताउँनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "हाल एक हजारभन्दा बढी कागतीका बोटले फल दिन सुरु गरेको छ ।" घरायसी प्रयोगका लागि प्रशस्तै पुग्ने भएपनि आगामी वर्षबाट व्यावसायिक रुपमा उत्पादन हुने उहाँ बताउनुहुन्छ । "आगामी वर्षबाट बजार पठाउने कागती उत्पादन हुनेछ", उहाँ भन्नुहुन्छ, "एक सिजनमा १५-२० हजार किलो कागती उत्पादन हुन्छ ।" भुगोल र माटो सुहाउदो खेती गरेकाले बादर लगायतका जङ्गली जनावरले समेत क्षति पुऱ्याउन नसक्ने र बाँझिएको जमिनको उपयोग हुने नगर प्रमुख पण्डित बताउनुहुन्छ ।

पृथ्वी राजमार्गबाट छोटो दुरीमा रहेको जमिनमा सामाजिक व्यक्तित्वले कृषि खेती गर्दा युवालाई कृषितर्फ प्रोत्साहन गर्न सकिने उहाँको बुझाइ छ । सामाजिक व्यक्तित्वले कागजी खेती गरेपछि अन्यलाई समेत यस प्रतिको प्रेरणा मिलेको छ । सामान्यतया कोदो, मकै लगायतका खाद्यान्न लगाउदाँ जङ्गली जनावरले क्षति पुऱ्याएको भनेर बाँझिदै गएको जमिनमा कागती खेती गरिएको हो ।

कोदो, मकै, भटमासलगायतका खेती गर्दा बाँदरलगायतका जङ्गली जनावरले क्षति पुऱ्याएपछि बाँझो बनेको जमिनमा सामाजिक व्यक्तित्वले कृषि खेती गर्दा अन्यले समेत कागती खेतीतर्फ आकर्षित भएका स्थानीय हेमकुमार कायस्थ बताउनुहुन्छ । समाजको नेतृत्व गरिरहनु भएका व्यक्तिले कृषिमा चासो दिएर संलग्न हुने गरेमा उपेक्षित बन्दै गएको कृषि पेशाप्रतिको दृष्टिकोण नै सम्मानित बन्ने उहाँ बताउनुहुन्छ ।

नेपाली काँग्रेसकै नेता बालकृष्ण पौडेल पण्डितको जस्तै अन्य जनप्रतिनिधिको देखिने गरि कुनै पेशा व्यावसाय हुनुपर्ने धारणा राख्नुहुन्छ । कृषि पेशा नै उपेक्षित र खेती गर्ने संस्कृति लोप हुँदै जान थालेको अवस्थामा नगर प्रमुखको कृषिप्रतिको लगाव उदाहरणीय भएको उहाँको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "गाउँघरमा बाँझो रहेका छन्, उहाँको लगावले युवालाई प्रोत्साहन गर्ने गरेको छ, गाउँघरका बाँझिएका जमिनमा केही गर्न सकिन्छ है भन्ने आशा मेयरको प्रयासले जगाएको छ ।" जनप्रतिनिधीहरु समाजका मार्गदर्शक हुन् । समाजलाई परिवर्तन गर्न सक्ने गरी हौसला दिन सक्ने हुनुपर्ने गुण उहाँमा देखिएकोले सर्वसाधारणलाई उत्साहित गराउन सहयोग पुग्ने उहाँको भनाइ छ ।

बजार माग उच्च रहेको कागजी खेतीसँग अब पुर्ख्यौली जमिनमा व्यावसायिक रुपमा मेवा खेती गर्ने नगर प्रमुख पण्डितको तयारी छ । उहाँ आम्दानीसँगै कृषिको विकास, स्थानीयलाई रोजगारीको अवसर र बाँझिएका जमिनको उपयोगमा सहयोग पुग्ने सोचका साथ कृषि क्षेत्रमा आवद्ध भएको बताउनुहुन्छ । भारतबाट ल्याउनुपर्ने कागती समेत यहीँ उत्पादन बृद्धि भएसँगै खपत हुनेछ ।

अम्लिय फलफूलको व्यावसायिक खेतीले बाँदरलगायतका जङ्गली जनावरले क्षति पुऱ्याउन सक्ने छैन । कृषि ज्ञान केन्द्रले बाँदरको बढी आतङ्क रहेका स्थानमा अम्लिय फलफूल खेतीलाई प्रोत्साहन गर्दै आएको छ । अम्लिय पदार्थलाई बाँदर कम क्षति पुऱ्याउने गरेको पाइएको केन्द्रले जनाएको छ । यहीँ उत्पादन बढाउन सकिएमा कागतीलगायतका तरकारी तथा अम्लिए फलको आयात घटाउन समेत सहयोग पुग्ने कृषि ज्ञान केन्द्रले जनाएको छ । तरकारी तथा फलफूल आयातमा न्यनीकरण गर्नका लागि स्थानीय रुपमा नै जमिन बाँझो बनाउनुभन्दा उपयोगलाई नेतृत्वमा आवद्ध व्यक्तिको भूमिका महत्वपूर्ण हुनेछ । यहीँ उत्पादन गर्न सकिएमा खपत हुनेछ भने आयस्तर नै परिवर्तन हुनुका साथै आत्मनिर्भर हुनेछ ।रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शनिबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु २५, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु २२, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ३२, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ६५, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु १२, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु २०, मूला रातो प्रतिकिलो रु ४०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ६० कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ५०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ९०, टाटे सिमी प्रतिकिलो रु ८०, तिते करेला प्रतिकिलो रु १४०, लौका प्रतिकिलो रु ५०, परबर (तराई) प्रतिकिलो रु २००, घिरौला प्रतिकिलो रु ९०, झिगुनी प्रतिकिलो रु ९०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु १५, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु १५ तथा भिण्डी प्रतिकिलो रु ११० कायम गरिएको छ ।

यस्तै सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ५०, पिँडालु प्रतिकिलो रु १००, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ३०, पालुङ्गो साग प्रतिकिलो ६०, चमसुरको साग रु ८०, तोरीको साग प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ६०, प्याज हरियो प्रतिकिलो रु ३०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १००, च्याउ (डल्ले) प्रतिकिलो रु ३५० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकिलो रु ४०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ५०, सेलरी प्रतिकिलो रु १५०, सौफको साग प्रतिकिलो रु ८०, पार्सले प्रतिकिलो रु ३००, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १६०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १५०, कागती प्रतिकिलो रु २७५, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, सुन्तला (भारतीय) प्रतिकिलो रु १५०, तरबुजा (हरियो), प्रतिकिलो रु ६०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु १५०, काँक्रो (लोकल) प्रतिकिलो रु ६०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ४०, रुख कटहर प्रतिकिलो रु ११०, निबुवा प्रतिकिलो रु ७०, नासपाती (चाइनिज) प्रतिकिलो रु २५०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु ११०, लप्सी प्रतिकिलो रु १००, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकिलो रु २००, किबी प्रतिकिलो रु ४००, अमला प्रतिकिलो रु १४०, निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १००, खुर्सानी सुकेको प्रतिकिलो रु ३२५, खुर्सानी हरियो प्रतिकिलो रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु १००, भेडे खुर्सानी प्रतिकिलो रु १००, लसुन हरियो प्रतिकिलो रु ५०, हरियो धनिया प्रतिकिलो रु ३५, लसुन सुकेको चाइनिज प्रतिकिलो रु २८०, लसुन सुकेको नेपाली प्रतिकिलो रु २३०, छ्यापी सुकेको प्रतिकिलो रु १६०, छ्यापी हरियो प्रतिकिलो रु ७०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १८०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउ प्रतिकिलो रु ८०० तोकेको छ ।रासस


## श्री सैनिक आवासीय महाविद्यालय, बर्दिबास, महोत्तरी

## खरिद सम्बन्धि विद्युतिय बोलपत्र (e–GP) आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/११/२५ गते)

१. आ.व.२०८१/०८२ मा यस महाविद्यालयको लागी आवश्यक फर्निचर सामाग्री खरिद गर्न ईच्छुक फर्म/ संस्था वा कम्पनीहरुको लागी यसै सूचनाद्वारा यो बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्रको विवरण**

| सि. नं. | सूचना नम्बर | कामको विवरण | पेश गर्नुपर्ने बोलपत्र जमानत रकम (ने.रु.) | बोलपत्र दस्तुर रकम (ने.रु.) | बोलपत्र मान्य हुने अवधी | बिड गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | NAWF/SAMV/ GOODS/ BDS/2081/82/54 | फर्निचर खरिद | १,८०,०००।०० | ३,०००।०० | ९० दिन | २०८१।१२।२६ गते १२:०० बजे सम्म | २०८१।१२।२६ गते १३:०० बजे सम्म |

२. खरिद सम्बन्धि थप जानकारीको लागी श्री सैनिक आवासीय महाविद्यालय, बर्दिबास, महोत्तरीको फोन नं.०४४-५९०१०४,९८५४०२१७९३ इमेलः- armyschool–bardibas@nepalarmy.mil.np र website: sambm.edu.np मा सम्पर्क गर्न हुन ।

३. e–GP Bidder हरुले e–GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नु पर्नेछ ।

## Mithila Bihari Municipality
## Office of The Municipal Executive
### Tarapatti, Dhanusha
### Madhesh Province, Nepal

## Amendment/ Clarification Notice No.1

**Date of Publication: 9th March, 2025 (25th Falgun, 2081)**

This is to notify that addendum No.1 has been made in the following bid documents published on Janakpur Today Newspaper on following dates.

| IFB No. | Bid Publication Date | Description of Works | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|
| 3/1/2081-82/ NCBW/MBM | 11th February, 2025 (29th Magh, 2081) | Construction of School Building of Ganga Prasad ma.vi.,Thera,mi.vi.na.pa.-10 | 21st March, 2025 (8th Chaitra, 2081) (12:00 hour) | 21st March, 2025 (8th Chaitra,2081) (14:00 hour) |

For Details please visit https://bolpatra.gov.np/egp/ or contact Mithila Bihari Municipality.

**Chief Administrative Officer**

# दुई चिनी उद्योग बन्द



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीका दुई वटा चिनी उद्योगले यस वर्षको क्रसिङ्ग बन्द गरेका छन् भने अर्को चिनी उद्योग पनि बन्द हुने कगारमा पुगेको छ।

जिल्लाको महालक्ष्मी चिनी उद्योग बगदह र अन्नपूर्ण चिनी उद्योग धनकौलले चालु सिजनका लागि उखु क्रसिङ्ग बन्द गरेका छन् । शनिबार बिहानबाट बन्द भएको अन्नपूर्ण चिनी उद्योगले नौ लाख २१ हजार क्विन्टल उखु क्रसिङ्ग गरेको उद्योगका सञ्चालक शैलेन्द्र गुप्ताले जानकारी दिए।

महालक्ष्मी चिनी उद्योग बगहद फागुन २१ गतेबाटै बन्द भएको उद्योगका प्रशासकीय प्रवन्धक शिवशङ्कर कुशवाहाले जानकारी दिए। कुशवाहाले बताए अनुसार महालक्ष्मीले यो वर्ष १३ लाख ८० हजार १०४ क्विन्टल उखु क्रसिङ्ग गरेको छ।

अन्नपूर्ण र महालक्ष्मी दुवै उद्योगले किसानको बाँकी भुक्तानी फागु पूर्णिमा सकिएको दुईदेखि तीन हप्ताभित्र भुक्तानी दिइसक्ने बताएका छन्। दुवै उद्योगले माघ महिनासम्मको भुक्तानी दिइसकेको दाबी गरेका छन् । हरिवनस्थित इन्दुशंकर चिनी उद्योगले भने फागुन २७ गतेसम्म उखु क्रसिंग गरेर मिल बन्द गर्ने जनाएको छ । उद्योगका उखु प्रबन्धक योगनारायण रजकले उद्योगमा जतिसक्दो चाँडो उखु ढुवानी गरिसक्न किसानलाई अन्तिम पटकको सूचना जारी गरिसकिएको र २७ गतेबाट उद्योग बन्द हुने बताए।

किसानले उखु ल्याउन छाडेपछि इन्दुशंकर चिनी उद्योग विगत एक सातादेखि 'नो क्यान' मा सञ्चालन भइरहेको उखु प्रवन्धक रजकले बताए। उनका अनुसार उद्योगले २ ९ लाख ३१ हजार क्विन्टल उखु क्रसिंग गरिसकेको छ।

फागुन २७ गते उद्योग बन्द गर्ने बेलासम्म उखु क्रसिंग ३० लाख क्वीन्टलसम्म पुग्ने इन्दुशंकर चिनी उद्योगले जनाएको छ। यो वर्ष उखु उत्पादन घटेकाले हरेक चिनी उद्योगले किसानलाई एक हप्तादेखि १० दिनभित्रैमा भुक्तानी गरेका छन्।

उद्योगबाट भुक्तानी लिन यो वर्ष खासै समस्या नरहे पनि सरकारले प्रदान गर्ने प्रतिक्वीन्टल ७० रुपैयाँ भने अनिश्चित नै रहेको नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले गुनासो गरे।

# 'संगीतालाई मधेशी महिला भएकै कारण अवसरबाट वञ्चित गरियो'

**जसपा नेपालकी सांसद रेखा यादवले युग परिवर्तन भए पनि महिलालाई हेर्ने दृष्टिमा कुनै परिवर्तन नआएको बताइन् । महिलाको अंगलाई प्रतिष्ठासँग जोडेर हेरेको उनले आरोप लगाइन् ।**

**टुडे समाचारदाता**

काठमाण्डु । राज्यबाट सधैँ मधेशी महिला उपेक्षामा पर्ने गरेका तराई मधेशबाट प्रतिनिधित्व गर्ने महिला सांसदहरुले गुनासो गरेका छन् ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा शनिबार मधेशी पत्रकार समाज तथा मधेसी एसोसिएसन इन अमेरिकाले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा उनीहरूले यस्तो गुनासो गरेका छन् ।

नेकपा (एमाले) की सांसद जुली महतोले मधेशी महिला त झनै अधिकारबाट वञ्चित रहेको गुनासो गरिन् । 'आज अन्तर्राष्ट्रिय महिला दिवस छ, तर महिलाले अधिकार नपाएको अवस्था छ,' उनले भनिन्, 'महिलाका लागि आज रमाइलो गर्ने दिन हो, तर अझै आफ्नो अधिकारका लागि संघर्ष गरिरहेका छन् ।'

एक नम्बरमा हुँदा पनि राज्यले मधेशी भएकै कारण डा. संगीता मिश्रलाई सचिव नबनाएको उनले आरोप लगाइन् । नीति निर्माणको तह महिलालाई रोक्ने काम भइरहेकाले त्यसविरुद्ध संघर्ष गर्नुपर्ने उनको भनाइ थियो । स्थानीय तहमा उपमेयरमा महिला भए पनि अधिकार सुनिश्चित नभएको उनले बताइन् ।

त्यस्तै जनता समाजवादी पार्टीकी सांसद रञ्जु ठाकुरले पुरुष विना महिलाले केही गर्न नसक्ने र महिलाविना पनि पुरुषले




केही गर्न नसक्ने बताइन् ।

मधेशी महिला नीति निर्माण तथा कार्यान्वयनको ठाउँमा नपुगेको उनको भनाइ थियो । महिलाले आफ्नो अधिकारका लागि आफैँ सक्षम हुनुपर्ने अवस्था आएको उनको भनाइ थियो । महिलाको सशक्तीकरण भए पनि त्यसको प्रयोग नभएकाले हरेक क्षेत्रमा महिलाको पहुँच बढाउनुपर्नेमा उनले जोड दिइन् ।

जसपा नेपालकी सांसद रेखा यादवले युग परिवर्तन भए पनि महिलालाई हेर्ने दृष्टिमा कुनै परिवर्तन नआएको बताइन् । महिलाको अंगलाई प्रतिष्ठासँग जोडेर हेरेको उनले आरोप लगाइन् ।

राज्यले मधेशी महिलालाई अधिकारबाट वञ्चित गरेको उदाहरण आफू भएको डा.संगीता मिश्रले बताइन् ।

प्राध्यापक एवं लेखिका मञ्चला झाले नारीको सम्मान हुने ठाउँमा मानवजातिको सम्मान हुने तर्क गरिन् ।

उनले पनि पहिलो नम्बरमै रहेकी संगीता मिश्रलाई स्वास्थ्य सचिव नबनाएको भन्दै मधेसी भएकै कारण राज्यले विभेद गरेको बताइन् । कलाकार सरीता साहले कुनै पनि महिलाले आफ्नो क्षमता देखाउन आफै काम गरेर देखाउनुपर्नेमा जोड दिइन् ।

मधेशको कलालाई अगाडि बढाउन कसैले ध्यान नदिएको र मधेशमा चलचित्र विकास बोर्ड हुँदा पनि त्यसले कलाको क्षेत्रमा खासै काम नगरेको उनले बताइन् ।

मानव अधिकारकर्मी मोहना अन्सारीले नेपालको तथ्यांकभन्दा बढी भयावह अवस्था मधेशी महिलाको रहेको बताइन् । सामाजिक सञ्जाल तथा मिडियाका कारण त्यो घटना बाहिर आएको उनले बताइन् ।

# नक्कली घुमुवा प्रहरी बनेर ठगी गर्ने व्यक्ति पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिका वडा नं. ८ विर्ता चोकमा एक व्यक्तिलाई नक्कली प्रहरी परिचय दिइ ठगी गरेको आरोपमा पक्राउ गरिएको छ। पक्राउ पर्ने व्यक्तिको नाम शेख सदरे आलम रहेका छन् ।

प्रहरीका अनुसार आलमले आफूलाई घुमुवा प्रहरी भनेर चिनारी दिँदै स्थानीय किसानहरूलाई डर देखाएर रकम असुली गर्दै आएका थिए। उनले किसानहरूलाई मलखादको आपूर्ति रोक्ने, मुद्दा दायर गर्ने जस्ता धम्की दिएर रकम माग्ने गरेको थियो ।

प्रहरी चौकी बिर्ताबाट खटिएको टोलीले आलमलाई पक्राउ गरेर आवश्यक अनुसन्धान सुरु गरेको छ। आलमको साथबाट नक्कली परिचय पत्र र असुली गरिएको रकम पनि बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरी नायव उपरीक्षक दीपक कुमार रायका अनुसार शेख सदरे आलमले नक्कली परिचय दिई ठगी गरेको पुष्टि भएको छा अनुसन्धान जारी छ र यस घटनामा संलग्न अन्य व्यक्तिहरूको पहिचान र कानुनी कारबाही गर्न प्रक्रिया अघि बढाइने छ। आलमको ठगीको तरिका र उनको झूठा परिचयले स्थानीयमा ठूलो त्रासको स्थिति सिर्जना गरेको थियो। प्रहरीले यस घटनामा कडा निगरानी राख्दै भविष्यमा यस्ता घटनाहरूको पुनरावृत्ति रोक्ने प्रतिवद्धता जनाएको छ।

प्रहरीले आम जनतालाई यस्ता ठगीका घटना सम्बन्धमा सजग रहन र कुनै पनि शंकास्पद व्यक्तिले प्रहरीको परिचय दिँदा तत्काल नजिकको प्रहरी चौकीमा जानकारी गराउन अपील गरे।

# लोसपा जिल्ला अध्यक्षसहित सयौँ माओवादी केन्द्रमा प्रवेश

**टुडे समाचारदाता**

रौतहट । लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय सदस्य एवं रौतहट जिल्ला अध्यक्ष लिलाप्रसाद साह तेलीसहित ६५ जना कार्यकर्ता माओवादीमा प्रवेश गरेका छन् ।

रौतहटको माधव नाराण नगरपालिका-६ स्थित माधोपुरमा आयोजित कार्यक्रममा उनीहरु प्रवेश गरेका हुन् ।

जनतासँग माओवादी, तराई मधेश जागरण अभियानको क्रममा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टी प्रवेश गरेका छन् । नवप्रवेशी तेली माधव नारायन नगरपालिकामा स्थापित नेता हुनुहुन्छ । गत स्थानीय तह निर्वाचनमा उहाँ यो नगरपालिकाको मेयरमा ३३३२ मतसहित दोस्रो भएका थिए ।

नवप्रवेशी तेलीले कांग्रेस एमाले पहिचान बिरोधी भएको र मधेशवादी दलहरु अवसरवादमा फसेर फुट र विभाजनमा लागेकाले मधेशको अधिकार रक्षा माओवादीबाट हुने देखेर आफूहरु पार्टी प्रवेश गरेको बताए ।

त्यस्तै रौतहटमा विभिन्न पार्टी परित्याग गरी तीन सय जना बढी नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् ।

नेकपा एमाले चन्द्रपुर नगर उपाध्यक्ष एवं तामाङ लोकतान्त्रिक मोर्चाका जिल्ला अध्यक्ष लाल्बहादुर दोङ, आजपा केन्द्रीय सदस्य अरुण



पासवान, कांग्रेसका बली सहनीको नेतृत्वमा उनीहरु माओवादी केन्द्र प्रवेश गरेका छन् ।

## जनसंख्याका आधारमा महिलाको समानुपातिक प्रतिनिधित्व हुनुपर्नेमा जोड

रौतहटको विभिन्न स्थानमा भएको कार्यक्रममा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डले जनसंख्याका आधारमा महिलाको समानुपातिक प्रतिनिधित्व हुनुपर्नेमा जोड दिए।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै अध्यक्ष प्रचण्डले आर्थिक समानता र जनंख्याका आधारमा प्रतिनिधित्व हुनुपर्ने बताए। उनले भने, 'साँचो अर्थमा महिलाहरुको मुक्ति र समानताका लागि राज्यसत्ताका हरेक तहमा जनसंख्याका आधारमा प्रतिनिधित्व तथा श्रोत र साधनमा समेत उनीहरुको स्वामित्व सुनिश्चित भएमा मात्रै सम्भव छ।'

आठ मार्च समानताको अधिकारका लागि संघर्षको मोर्चामा होमिएका विश्वभरिका महिलाका लागि गौरव र प्रेरणाको दिन भएको र यो दिनले आधा आकाश ओगटेका महिलालाई पुरुषसरह हरेक तहमा समान सहभागिता, स्वामित्व र सम्मानका लागि प्रेरित गर्दै आएको उनले बताए। उनले भने, 'यही मान्यताका आधारमा नेपालमा समेत महिलाले आन्दोलन गर्दै आएको र ऐतिहासिक संघर्षको जगमा निर्मित संविधानले महिला अधिकारलाई सुनिश्चित गर्दै नीति निर्माण र राज्य सञ्चालनका सम्पूर्ण अंगहरूमा समानुपातिक प्रतिनिधित्व स्थापित गरेको छ।'

उनले भने, 'यद्यपि व्यवहारतः महिलामाथिको हिंसा, विभेद, दमन अझै अन्त्य हुन सकेको छैन । त्यसैले महिलामाथि हुने सबै खालका विभेदको अन्त्य गर्न संवैधानिक अधिकारको प्रभावकारी कार्यान्वयन र जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व कायम गर्दैआर्थिकरुपमा समेत अधिकार प्राप्तिका लागि अघि बढ्न म सबैमा आह्वान गर्दछु।'

माओवादी केन्द्र सुशासन, सामाजिक न्याय र समृद्धि हासि गर्दै समाजवादी क्रान्तिको आधार तयार गर्ने बाटोमा अघि बढिरहेको छ र अहिले जनतासँग माओवादी, तराई मधेश जागरण अभियानमा रहेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले यो अभियानले महिलालगायत आम उत्पीडित वर्ग र समुदायका संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्न थप जागरुक, संगठित र आन्दोलित गर्ने कुरन व्यक्त गरे।

# टिकटकमार्फत बालिकासँग प्रेम गरेको आरोपमा पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहामा बालिकासँग गुपचुप विवाह गरेका विवाहित युवकलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिरहाको सुखीपुर नगरपालिका-१ स्थित मोहनपुरका २८ वर्षीय दीपेन्द्र सदाय रहेका छन् ।

बाल विवाहसम्बन्धी उजुरी परेपछि सदायलाई जिल्ला प्रहरी कार्यालय सिरहाले पक्राउ गरेको जनाइएको छ। सिरहाका प्रहरी प्रवक्ता वीरेन्द्र पासवानले दीपेन्द्रलाई पक्राउ गरेको पुष्टि गरेका छन् ।

१५ वर्षीया बालिकालाई पनि सोधपुछका लागि सिरहा प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।

पक्राउ परेका दीपेन्द्रले नवराजपुर गाउँपालिका-१ स्थित भगवतीपुरकी १५ वर्षीया बालिकासँग गुपचुप विवाह गरेका थिए। फागुन १७ मा उनले विवाह गरेको बुझिएको छ।

दीपेन्द्र भने विवाहित हुन् । उनका दुई सन्तान पनि छन्, तर



टिकटकमार्फत प्रेममा फसाएर बालिकासँग दीपेन्द्रले गुपचुप विवाह गरेको छ । दीपेन्द्रले बालिकासँग टिकटकमार्फत लभ परेको बयान सिरहा प्रहरीसमक्ष दिएका छन् ।

उनले प्रलोभनमा पारी बालिकासँग गुपचुप विवाह गरेको भन्दै आवश्यक कारबाहीका लागि भगवतीपुरकै योगेन्द्र महारानको श्रीमती राजो देवीले फागुन १९ मा इलाका प्रहरी कार्यालय लहानमा जाहेरी दिएकी छन् ।

प्रहरीमा परेको जाहेरीमा दीपेन्द्रले भारतीय नम्बर प्लेटको मोटरसाइकलमा एक साथीलाई लिएर फागुन १७ गते राति करिब ९ बजे विवाह गर्न पुगेको उल्लेख गरिएको छ।

कलिलो उमेरकै बालिकाको विवाह हुन लागेको थाहा पाएपछि स्थानीयले इलाका प्रहरी कार्यालय महेशपुर पतारीलाई खबर गरेका थिए।

सिरहा प्रहरी आउन लागेको सूचना पाएपछि दीपेन्द्र बालिका लिएर मोटरसाइकलमा फरार भएका थिए । त्यसपछि दीपेन्द्रले बालिकासँग विवाह गरेको भिडिओ टिकटकको विभिन्न आईडीबाट शेयर गरेपछि आवश्यक कारबाहीका लागि उजुरी दिएको राजो देवीले बताइन् ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८